# इस्लामीय सिद्धान्तबारे सन्देहहरूको निवारण

[ नेपाली - Nepali - نيبالي ]

लेखक

शैख मुहम्मद बिन अब्दुल वहाब

अनुवादकः

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधक

मुहम्मद इदरीस सलफी

# كشف الشبهات

[ नेपाली - Nepali - نيبالي ]

الإمام المجدد **محمد بن عبد الوهاب** رحمه الله

ترجمة:

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة:

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्,।

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।**

To connect Translator: 0501372254
للتواصل مع المترجم: 0501372254
अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
नि:शुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

*इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७- ९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४

*इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गर्‍यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गर्‍यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन, यस्तो पूज्य जसको पूजा प्रत्येक हृदय प्रेम श्रद्धा र आदरको साथ गर्छ, र जसतर्फ समस्त प्राणीहरू आशान्वित र भयभीत भई शरण लिन्छन् । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत र त्यसको प्रकाशना (वह्य) को धरोहरी पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रमको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवस पूजाबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समस्त मानवजातिका नायक थिए, र उहाँको निमन्त्रण समस्त सृष्टिको लागि दया र मार्गदर्शन थियो, र समस्त संसारको लागि शुभसमाचार हुनुको साथै समस्त शोषित र अपमानितहरूको लागि स्वतन्त्रता पनि थियो । तसर्थ अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तक जुन तपाईहरूको हातमा छ यसको लेखक मुहम्मद बिन अब्दुल वहाब इस्लाम धर्मका सर्वोत्कृष्ट विदहरूमध्ये एक हुन् । उहाँले यस किताबमा ती अधिकाँश कुराहरूको निवारण गर्नु भएको छ जुन इस्लामीय सिद्धान्तबारे केही अनभिज्ञहरूद्वारा उत्पन्न गरिन्छ । र हाम्रो देश नेपाल पनि एउटा गैर मुस्लिम राष्ट्र हो र यहाँ पनि केही मान्छेका हृदयहरूमा यस्ता खालका सन्देहजनक कुराहरू आउनसक्छन्

त त्यसैको निवारणको लक्ष्य लिई र अनभिज्ञहरूलाई सत्यको दर्शन गराउने उद्देश्यले यस पुस्तकको अनुवाद गरेको छु । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह मलाई मेरो लक्ष्यमा आफ्नो दयाले सफल पारुन् साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई यस अवैधानिक अमानवीय कार्यबाट पवित्र गर्नेछ। अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१४४९९१४०**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# बिस्मिल्लाहिर्रहमानिर्रहीम

तपाईमाथि अल्लाहको शान्ति र दया अवतरित होस्, यस कुरामा ध्यान दिनुस् कि एकेश्वरवादको अर्थ हो: “ समस्त पूजाहरूमा अल्लाहलाई एक मान्नु ” । अर्थात मात्र एक अल्लाहको लागि नै पूजालाई विशेष गर्नु । र यो नै ती समस्त सन्देष्टाहरूको मूल सन्देश थियो जहाँहरूलाई अल्लाहले आफ्ना भक्तहरू समक्ष पठाए । र ती सन्देष्टाहरूमध्ये पहिलो सन्देष्टा हजरत नूह अलैहिस्सलाम हुन् जिनलाई अल्लाहले उनको समुदायतर्फ पठाएको थियो यस्तो अवस्थामा जब उनका समुदायका मानिसहरूले त्यस कौमका सदाचारीहरूको प्रतिष्ठामा सीमा उल्लंघन गरेका थिए, र ती सदाचारीहरू वद, सुवाअ्, यगूस, यऊक, र नस्र हुन् ।

र अन्तिम सन्देष्टा मुहम्म्द सल्लल्लाहो अलैहे वसल्लम हुन् जहाँले ती सदाचारीहरूका प्रतिमाहरूलाई नष्ट गर्नु भयो जुन नूहका जातिबन्धुहरूले तयार गरेका थिए । अल्लाहले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई यस्ता मान्छेहरूतर्फ पठाउनु भयो जुन मान्छेहरू अल्लाहको पूजा त गर्थे, र हज्ज एवं दान पनि गर्थे, र अल्लाहको बेस्सरी स्मरण पनि गर्थे तर अल्लाह र आफू बीच आफै भ्रैं मनुष्यलाई माध्यम बनाउँथे । र भन्थे: हामी यिनीहरूद्वारा अल्लाहको निकटता चाहन्छौं र उनीहरूसित अपेक्षा गर्दछौं कि अल्लाहसित हाम्रो लागि सिफारिश गर्ने छन्, र ती माध्यमहरू हुन् स्वर्गदूत, ईसा मसीह, मरियम ... आदि, अल्लाहका सदाचारी भक्तहरू ।

अनि यस्तै अवस्थामा अल्लाहले हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई उनको पुर्खा हजरत इब्राहीमको धर्म (इस्लाम) लाई नवीकरण गर्ने उद्देश्यले यस संसारमा पठायो । र साथै आदेश गऱ्यो कि उनीहरूलाई खबरदार गरुन् कि यो आस्था र सिद्धान्त मात्र अल्लाहको लागि विशेष छ, यस्तो आस्था नत कुनै स्वर्गदूतको लागि जायज छ नत कुनै सन्देष्टाको लागि ।

किनकि त्यो सबै बहुदेववादीहरू (मुश्रिकहरू) यस कुराको साक्ष्य दिन्थे कि अल्लाह मात्र एउटै छ, त्यो नै अन्नदाता हो, त्यो एकलै छ

त्यसको कोही सहभागी छैन, र त्यो नै हामीलाई जीविका प्रदान गर्छ, त्यो नै जीवन दिन्छ त्यो नै मार्छ, र त्यस अल्लाह बाहेक कोही अरु यस पूर्ण ब्रह्माण्डको संचालक होइन, र जेजति आकाशमा छन् र जेजति धरतीमा छन् र जेजति दुवैको बीचमा छन् सबैमाथि उसैको अधिपत्य छ ।

यदि तपाईलाई यस कुराको प्रमाण चाहिन्छ कि जसको माध्यमले रसूल सल्लल्लाहो अलैहे वसल्लम उपरोक्तमा वर्णित कुराहरूमाथि गवाही दिन्थे त कुरआनका निम्नका श्लोकहरूमाथि चिन्तन् गर ।

﴿ قُلْ مَن يَرْزُقُكُم مِّنَ ٱلسَّمَآءِ وَٱلْأَرْضِ أَمَّن يَمْلِكُ ٱلسَّمْعَ وَٱلْأَبْصَٰرَ وَمَن يُخْرِجُ ٱلْحَىَّ مِنَ ٱلْمَيِّتِ وَيُخْرِجُ ٱلْمَيِّتَ مِنَ ٱلْحَىِّ وَمَن يُدَبِّرُ ٱلْأَمْرَ ۚ فَسَيَقُولُونَ ٱللَّهُ ۚ فَقُلْ أَفَلَا تَتَّقُونَ ﴿٣١﴾ ﴾ يونس: ٣١

अर्थ : (तिनीहरूसँग) तपाईले भन्नुस् कि तिमीलाई आकाश र जमीनबाट जीविका कसले प्रदान गर्दछ वा तिम्रो कान र आँखामाथि कसको अख्तियारी छ र मृतकबाट प्राणवाला कसले बनाउँछ र प्राणवानबाट प्राणहीन कसले गर्दछ ? र त्यो को हो जसले सबै कामको योजना बनाउँछ ? त तिनीहरूले अवश्य भन्ने छन् "अल्लाह", तसर्थ भन्नुस् कि त्यसो भए तिमी (अल्लाहसँग) किन डर मान्दैनौ ? ( सूरतु यूनुस् ३१ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ قُل لِّمَنِ ٱلْأَرْضُ وَمَن فِيهَآ إِن كُنتُمْ تَعْلَمُونَ ﴿٨٤﴾ سَيَقُولُونَ لِلَّهِ ۚ قُلْ أَفَلَا تَذَكَّرُونَ ﴿٨٥﴾ قُلْ مَن رَّبُّ ٱلسَّمَٰوَٰتِ ٱلسَّبْعِ وَرَبُّ ٱلْعَرْشِ ٱلْعَظِيمِ ﴿٨٦﴾ سَيَقُولُونَ لِلَّهِ ۚ قُلْ أَفَلَا تَتَّقُونَ ﴿٨٧﴾ قُلْ مَنۢ بِيَدِهِۦ مَلَكُوتُ كُلِّ شَىْءٍ وَهُوَ يُجِيرُ وَلَا يُجَارُ عَلَيْهِ إِن كُنتُمْ تَعْلَمُونَ ﴿٨٨﴾ سَيَقُولُونَ لِلَّهِ ۚ قُلْ فَأَنَّىٰ تُسْحَرُونَ ﴿٨٩﴾ ﴾ المؤمنون: ٨٤ - ٨٩

अर्थ : सोध्नुस् त ज़मीन, र जेजति जमीनमा छन् (सबै) कसका सम्पत्ति हुन् बताऊ यदि थाह छ ? तुरुन्त जवाफ दिनेछन्: कि अल्लाहको । भन्नुस् त्यसो भए तिमी किन उपदेश मान्दैनौ ? सोध्नुस् कि: सात आकाशहरूको स्वामी को हो र महान सत्तासनको मालिक को हो ? उनीहरूले जवाफ दिनेछन्: कि अल्लाह नै हो, भन्नुस् कि त्यसो भए किन डर मान्दैनौ ? सोध्नुस् कि यदि तिमी जान्दछौ भने भनकि त्यो कोहो जसको हातमा हरेक कुराको आधिपत्य छ र उसले शरण दिन्छ र उसको दाँजोमा कसैले कसैलाई शरण दिन सक्दैन । यही जवाफ दिनेछन्: कि अल्लाह नै हो । भन्नुस्कि: त्यसो भए तिमीमाथि जादू कहाँबाट चल्छ ? ( सूरतुल् मूमिनून ८४-८९ )

र यस जस्ता अरु श्लोकहरू छन् जुन यस कुरामाथि प्रमाण छन् । र जब यो सिद्ध भयो कि उनीहरू एक अल्लाहलाई इन्कार गर्दैनथे तर यस कुराले पनि उनीहरूलाई त्यस ऐकेश्वरवादभित्र प्रवेश गर्न सकेन जसतर्फ उनीहरूलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम आमन्त्रित गरिरहेका थिए । र उनीहरू जुन तौहीद (एकेश्वरवाद) को इन्कारी थिए त्यो हो तौहीदे उलूहियत (पूजाको एकेश्वरवाद), जसलाई आजका बहुदेववादीहरू एअ्तकादको (सिद्धान्त) नामले जान्दछन् । र उनीहरू साँझ बिहान अल्लाहको स्तुति पनि गर्थे, र केही यस्ता पनि थिए जुन स्वर्गदूतहरूलाई पुकार्दथे ताकि स्वर्गदूतहरू अल्लाह समीप उनीहरूको सिफारिश गरिदेउन् । त केही मान्छेहरू विगतका सदाचारीहरूलाई पुकार्दथे जसरी लातलाई पुकार्दथे, त कतिपय नबीहरूलाई पुकार्दथे जसरी ईसा अलैहिस्सलामलाई । तर रसूल सल्लल्लाहो अलैहे वसल्लमले यिनीहरूको अल्लाह बाहेक अरुलाई पनि पुकार्नुको कारण नै युद्ध गरे जबकि उनीहरू अल्लाहलाई एक मान्दथे, र सर्वगुण सम्पन्न मान्दथे जस्तोकि तपाईहरूलाई उपरोक्तको कुराबाट थाहा भइहाल्यो होला ।

पुकार्नु र याचना गर्नु पूजा हो, र पूजा मात्र अल्लाहको लागि विशेष छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ لَهُۥ دَعۡوَةُ ٱلۡحَقِّۚ وَٱلَّذِينَ يَدۡعُونَ مِن دُونِهِۦ لَا يَسۡتَجِيبُونَ لَهُم بِشَيۡءٍ إِلَّا كَبَٰسِطِ كَفَّيۡهِ إِلَى ٱلۡمَآءِ لِيَبۡلُغَ فَاهُ وَمَا هُوَ بِبَٰلِغِهِۦۚ وَمَا دُعَآءُ ٱلۡكَٰفِرِينَ إِلَّا فِي ضَلَٰلٖ ١٤ ﴾ الرعد: ١٤

अर्थ : उसैलाई पुकार्नु वास्तविक सत्य छ । जुन मानिस अरुलाई उसको बदलामा पुकार्छन् तिनीहरू उनीलाई केही पनि उत्तर दिदैनन्, बरु यो उस्तै छ जस्तो कुनै व्यक्ति आफ्नो दुवै हात पानीतर्फ फैलाएको छ कि पानी उसको मुखमा परिजाओस् जबकि त्यो पानी उसको मुखमा जाँदैन । र काफिरहरूको गुहार सबै खेर जानेछ । ( सूरतुर्रअद १४ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿ وَأَنَّ ٱلۡمَسَٰجِدَ لِلَّهِ فَلَا تَدۡعُواْ مَعَ ٱللَّهِ أَحَدٗا ١٨ ﴾ الجن: ١٨

अर्थ : र यो कि मस्जिदहरू अल्लाहकै लागि मात्र हुन्, तसर्थ अल्लाहसँग कुनै अरुको पूजा नगर । ( सूरतुल् जिन्न १८ )

अब यो कुरो सिद्ध भयो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूसित यस कारण युद्ध गर्नु भयो ताकि समस्त प्रकारका प्रार्थनाहरू, याचना र पूजाहरू, बलि र भाकलहरू अर्थात समस्त पूजाका थरीहरू मात्र अल्लाहकै लागि विशेष गरियोस् ।

र तपाईलाई यो पनि थाहा भयो कि तौहीदे रुबीबियत (मात्र अल्लाहलाई यस ब्रह्माण्डको स्रष्टा प्रचालक र पालनकर्ता मान्नु) माथि उनीहरूको विश्वास र आस्थाले उनीहरूलाई इस्लाममा प्रवेश गर्न सकेन, र उनीहरूको नबीहरू, वलीहरू, फरिश्ताहरूसित सिफारिशको अभिलाषाले नै उनीहरूको रगत र माललाई हलाल (ग्राह्य) गर्‍यो । त अब तपाईलाई यो ज्ञान भइसकेको होला कि समस्त सन्देशवाहकहरूले एकेश्वरवादतर्फ नै सबैलाई आमंत्रित गरे, तर बुहदेववादीहरूले एकेश्वरवादमा विश्वास गरेनन् ।

र लाइलाहा इल्लल्लाहको अर्थ नै एकेश्वरवाद हो, र बहुदेववादीहरूलाई यो राम्ररी थाहा थियो कि पूजा योग्य केवल त्यो अल्लाह नै छ जुन सबैको स्रष्टा हो, र सबैको जीवन मृत्यु उसैको हातमा छ । र पूज्य (इलाह) को अर्थ उनीहरू पनि मात्र त्यही नै

जान्दथे जुन आजका बहुदेववादीहरू मान्दछन् अर्थात “सैयद, नायक”। अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई एकेश्वरवादतर्फ आमन्त्रण दिनु भयो, र त्यो हो: “लाइलाहा इल्लल्लाह”। र यस वाक्य (मन्त्र) को अर्थ हो: अल्लाहलाई आफ्ना समस्त पूजा अराधनाहरूमा एक मान्नु, र सबै मिथ्या उपास्यहरूको इन्कार गर्नु, र उनीहरूबाट टाढा रहनु। र यस अर्थलाई मक्काका काफिरहरू राम्ररी जान्दथे, जस्तो कि अल्लाहको फर्मान छ :

﴿ أَجَعَلَ ٱلْأَلِهَةَ إِلَٰهًا وَٰحِدًاۖ إِنَّ هَٰذَا لَشَيْءٌ عُجَابٌ ﴿٥﴾ ﴾ ص: ٥

अर्थ : के उसले यती धेरै पूज्य उपास्यहरूलाई एकलो एउटै उपास्य बनाइदियो ? यो त ठूलै आश्चर्यजनक कुरा हो। ( सूरतु साद ५ )

र जब तपाईलाई यो थाहा भयो कि मक्काका अनभिज्ञ र निरक्षर काफिरहरू पनि यस वाक्यको सही अर्थ र व्याख्या जान्दथे, त के यो आश्चर्यजनक कुरो छैन कि जुन मान्छे मुस्लिम हुनुको दावी गर्छ अनि त्यसलाई यस मूलमन्त्र अर्थात वाक्यको सही अर्थ थाहै छैन ? त यो कति दुःखको कुरो हो कि जसलाई अनभिज्ञ र निरक्षर काफिरहरू जान्दथे त्यसलाई त्यो मान्छे जान्दैन जसको आस्थाको त्यो मूल आधार हो। बरु यो मुसलमान बुझ्दछ कि यस मूलमन्त्रको अर्थ हो: अल्लाह बाहेक कुनै अन्नदाता, कुनै जन्मदाता, कुनै प्रचालक छैन। तसर्थ यस मूलमन्त्रको यस्तो अर्थ बुझ्ने मान्छेमा कुनै भलाई र सुमार्गता छैन, र त्यो मान्छे यसको सत्य अर्थबाट कोसौं दूर छ।

त हे भाई ! जब तपाईलाई यस वाक्यको सही र शुद्ध अर्थ थाहा भयो र बहुदेववादको सत्य अर्थ र वास्तविकता थाहा भयो जसको बारेमा अल्लाहको भनाई छ :

﴿ إِنَّ ٱللَّهَ لَا يَغْفِرُ أَن يُشْرَكَ بِهِۦ وَيَغْفِرُ مَا دُونَ ذَٰلِكَ لِمَن يَشَآءُ ﴾
النساء: ٤٨

अर्थ : निःसन्देह अल्लाह आफ्नो साझेदार बनाउनेलाई क्षमा गर्ने छैन र यस बाहेक अन्य जसलाई चाहन्छ माफ गरिदिन्छ। ( सूरतुन्निसा ४८)

र तपाईलाई त्यस सत्य धर्मको ज्ञान भयो जसलाई लिएर समस्त सन्देष्टाहरू आए, जसबाहेक अल्लाह कुनै धर्मलाई स्वीकार गर्ने छैनन्, र तपाईलाई मूलमन्त्रबारे अज्ञानीहरूबारे थाहा भयो, त यो ज्ञानबाट तपाईलाई दुई प्रकारका लाभको आभाष हुनेछ :

⇒ अल्लाहको यस अपार अनुग्रहमाथि तपाईलाई प्रसन्नता र सन्तुष्टि मिल्छ, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ قُلْ بِفَضْلِ ٱللَّهِ وَبِرَحْمَتِهِۦ فَبِذَٰلِكَ فَلْيَفْرَحُوا۟ هُوَ خَيْرٌ مِّمَّا يَجْمَعُونَ ﴿٥٨﴾ ﴾ يونس: ٥٨

अर्थ : भनिदिनुस्: कि यो किताब अल्लाहको कृपा र उसैको दयालुताबाट प्रदान गरिएको छ तसर्थ यसबाट मानिसहरू प्रसन्न हुनुपर्छ। यो त्यसबाट धेरै राम्रो छ जुन तिनीहरूले सम्पत्तिको रूपमा थुपार्छन्। ( सूरतु यूनुस् ५८ )

⇒ र तपाईलाई अल्लाहबाट भयत्रास हुनेछ । किनकि जब तपाईलाई यो ज्ञात भयो कि मनुष्य त्यो शब्दद्वारा अधर्मी भइहाल्छ जुन नास्तिकताको शब्द आफ्नो मुखबाट निकाल्दछ चाहे त्यसको अर्थ त्यसलाई थाहा होस् वा नहोस्। जसरी कि त्यो कुनै यस्तो कुरा भनोस् जुनकि नास्तिकताको कुरो होस् तर त्यो मान्छे त्यसलाई राम्रो कुरा बुझेर त्यसलाई प्रयोग गरेर अल्लाहको सामीप्यता प्राप्त गर्न खोजोस्, जस्तो कि मूसा अलैहिस्सलामका कौमका मान्छेहरूले भनेका थिए, यसको वर्णन कुरआनमा यस प्रकार छ :

﴿ قَالُوا۟ يَٰمُوسَى ٱجْعَل لَّنَآ إِلَٰهًا كَمَا لَهُمْ ءَالِهَةٌ ﴾ الأعراف: ١٣٨

अर्थ : (मूसाका कौमका मानिसहरू) भन्नथाले: “हे मूसा ! हाम्रा निम्ति पनि यस्तै एउटा देवता नियुक्त गरिदिनुस् जस्तो कि यिनीहरूका यी देवताहरू छन्” । ( सूरतुल् अअ्राफ १३८ )

अनि तपाई अल्लाहसित अति भयभीत हुनुहुन्छ र आफ्नो नीयतलाई शुद्ध पार्नु हुन्छ जुन तपाईलाई यस्ता कुकर्महरूबाट बचाओस् ।

र यो पनि ज्ञात रहोस् कि अल्लाहले आफ्नो तत्वदर्शितालेगर्दा कुनै पनि रसूललाई यस एकेश्वरवादको साथ पठएना तर तिनका शत्रुहरूलाई पनि उत्पन्न गरिदियो । जसरीकि अल्लाहको फर्मान छ :

﴿ وَكَذَٰلِكَ جَعَلْنَا لِكُلِّ نَبِيٍّ عَدُوًّا شَيَاطِينَ الْإِنسِ وَالْجِنِّ يُوحِي بَعْضُهُمْ إِلَىٰ بَعْضٍ زُخْرُفَ الْقَوْلِ غُرُورًا ۚ وَلَوْ شَاءَ رَبُّكَ مَا فَعَلُوهُ ۖ فَذَرْهُمْ وَمَا يَفْتَرُونَ ﴿١١٢﴾ ﴾ الأنعام: ١١٢

अर्थ : र यसै प्रकारले हामीले मानिस तथा जिन्नमध्येका शैतानहरूलाई हरेक पैगम्बरको शत्रु बनाएका थियौं । तिनीहरूमध्ये केहीले एक अर्काको मनमा चिल्लो चाप्लुसी कुराहरू धोखा दिने उद्देश्यले गर्दथे । यदि अल्लाहले चाहेको भए तिनीहरूले त्यस्तो काम गर्ने थिएनन् । तसर्थ तिनीहरूलाई तथा तिनीहरूले जे जति मन गढन्तरूपमा गर्दछन्, सबै छाडिदेऊ । ( सूरतुल् अन्आम ११२ )

र कहिलेकाहिँ एकेश्वरवादका शत्रुहरूसित धेरै ज्ञान र पुस्तक एवं प्रमाणहरू पनि हुन्सक्छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ فَلَمَّا جَاءَتْهُمْ رُسُلُهُم بِالْبَيِّنَاتِ فَرِحُوا بِمَا عِندَهُم مِّنَ الْعِلْمِ ﴾ غافر: ٨٣

अर्थ : यसर्थ जब उनीहरूको पैगम्बर उनीहरूको पासमा स्पष्ट निशानीहरू लिएर आए त उनीहरूले आफ्नो ज्ञानमाथि घमण्ड गर्न लागे । ( सूरतुल् गाफिर ८३ )

अर्थात जब तपाईलाई यो ज्ञान भयो कि अल्लाहको सत्य बाटोमा हिंड्दाखेरि यस्ता शत्रुहरूसित भेंट हुने सम्भावना पनि छ जुन सशक्त ज्ञानवान र प्रमाणीकरण गर्नेवाला पनि हुन्सक्छ, तसर्थ तपाईमाथि अनिवार्य छ कि तपाई अल्लाहको धर्मको परिपूर्ण ज्ञान प्राप्त गर जुन तपाईको शस्त्र र हतियार होस्, जसद्वारा तपाई ती नास्तिक र शैतानसित युद्ध गर्न सक । शैतानको नायक इब्लीसले अल्लाहसित भन्यो:

﴿ قَالَ فَبِمَآ أَغۡوَيۡتَنِي لَأَقۡعُدَنَّ لَهُمۡ صِرَٰطَكَ ٱلۡمُسۡتَقِيمَ ١٦ ثُمَّ لَأٓتِيَنَّهُم مِّنۢ بَيۡنِ
أَيۡدِيهِمۡ وَمِنۡ خَلۡفِهِمۡ وَعَنۡ أَيۡمَٰنِهِمۡ وَعَن شَمَآئِلِهِمۡۖ وَلَا تَجِدُ أَكۡثَرَهُمۡ شَٰكِرِينَ ١٧ ﴾
الأعراف: ١٦ - ١٧

अर्थ : अनि शैतानले भन्यो कि जस प्रकार तपाईले मलाई तिरस्कृत गर्नुभयो म शपथलिन्छु कि तिम्रो सोझो बाटोबाट उनीहरूलाई मार्ग बिचलित गर्नको लागि घातलगाई बसिराख्ने छु। अनि तिनका अगाडि र पछाडि र दायाँ र बायाँ चारैतिरबाट उनीहरूमाथी आक्रमण गर्ने छु। र तिमीले तिनीहरूमध्ये धेरैलाई कृतज्ञ पाउँने छैनौ। ( सूरतुल् अअ्राफ १६,१७ )

तर यदि तपाई अल्लाहतर्फ प्रवृत्त हुनुहुन्छ, र त्यसका प्रमाण र निशानीहरूलाई अध्ययन गर्नुहुन्छ भने तपाईलाई कुनै भयत्रास हुनेछैन। अल्लाहको फर्मान छ :

﴿ إِنَّ كَيۡدَ ٱلشَّيۡطَٰنِ كَانَ ضَعِيفًا ﴾ النساء: ٧٦

अर्थ : विश्वास गर कि शैतानको षड्यन्त्र अति कमजोर छ। ( सूरतुन्निसा ७६)

र यदि मुस्लिमको एउटा साधारण व्यक्ति पनि एकेश्वरवादी छ भने बहुदेववादीहरूको एक हजार विद्हरूमाथि विजय प्राप्त गर्नेछ। जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَإِنَّ جُندَنَا لَهُمُ ٱلۡغَٰلِبُونَ ١٧٣ ﴾ الصافات: ١٧٣

अर्थ : र निश्चय नै हाम्रो सेना नै प्रभावि रहनेछन्। ( सूरतुस्साफ्फात १७३)

त वास्तवमा एकेश्वरवादीहरू प्रमाणीकरण गर्नु एवं आफ्नो दावीमा विजयी रहनेछन्, जसरी तरवार र वाँण चलाउनुमा पनि एकेश्वरवादीहरू नै प्रभावी रहनेछन्। तर भयत्रास त्यस एकेश्वरवादीलाई आई समात्नेछ जुन एकेश्वरवादी त छ तर त्यसबारे ज्ञानको शस्त्र छैन।

र अल्लाहको हामीमाथि यो ठूलो अनुग्रह छ कि त्यसले हामीलाई यस्तो ग्रन्थ प्रदान गर्‍यो जुन हरेक वस्तुबारे पुष्टि गर्छ जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَنَزَّلْنَا عَلَيْكَ ٱلْكِتَـٰبَ تِبْيَـٰنًا لِّكُلِّ شَىْءٍ وَهُدًى وَرَحْمَةً وَبُشْرَىٰ لِلْمُسْلِمِينَ ﴿٨٩﴾ ﴾ النحل: ٨٩

अर्थ : र हामीले तपाईमाथि (यस्तो) किताब उतारेका छौं कि यसमा हरेक कुराको वर्णन बिस्तारपूर्वक छ। र मुसलमानहरूको लागि मार्गदर्शन र दया तथा शुभसन्देश छ। ( सूरतुन्नहल ८९ )

त कुनै मान्छे पनि यस्तो निराधार प्रमाण ल्याउँछ जुन असत्यमा निर्भर छ भने त्यसलाई प्रमाणित गर्ने प्रमाणहरू कुरआनमा पहिलादेखि नै उल्लेखित छन्। अल्लाहको फर्मान छ :

﴿ وَلَا يَأْتُونَكَ بِمَثَلٍ إِلَّا جِئْنَـٰكَ بِٱلْحَقِّ وَأَحْسَنَ تَفْسِيرًا ﴿٣٣﴾ ﴾
الفرقان: ٣٣

अर्थ : र यिनीहरूले तपाई सामु जुन उदाहरण ल्याउँने छन्, हामीले त्यसको सही र धेरै राम्रो जवाफ तपाईलाई बताइदिनेछौं। (सूरतुल् फुर्कान ३३)

र यस श्लोकको व्याख्यामा विद्हरूको भनाई छ कि: यो श्लोक ती सबै निराधार प्रमाणहरूलाई शम्मिलित छ जसलाई पथविचलनमा परेका मान्छेहरू प्रलयसम्म प्रस्तुत गर्ने छन्।

र म अब त्यो कुरोलाई वर्णन गर्दछु जसलाई अल्लाहले आफ्नो पवित्र ग्रन्थ कुरआनमा वर्णन गरेका छन् ती सबै कुमार्गीहरूको प्रमाणहरूको जवाफमा जसलाई हाम्रा युगका बहुदेववादीहरू हामीहरू समक्ष प्रस्तुत गर्छन् र त्यसको उत्तर दुई तरिकाले वर्णन गरिएको छ :

१- संक्षेपमा।

२- विस्तृत तरिकाले।

१- संक्षेपमा: यो ठूलो र लाभदायक कुरो हो त्यस मानिसको लागि जुन बुद्धिमान होस्, र यसै सन्दर्भमा अल्लाहको यो कथन छ :

﴿ هُوَ ٱلَّذِيٓ أَنزَلَ عَلَيۡكَ ٱلۡكِتَٰبَ مِنۡهُ ءَايَٰتٞ مُّحۡكَمَٰتٌ هُنَّ أُمُّ ٱلۡكِتَٰبِ وَأُخَرُ مُتَشَٰبِهَٰتٞۖ فَأَمَّا ٱلَّذِينَ فِي قُلُوبِهِمۡ زَيۡغٞ فَيَتَّبِعُونَ مَا تَشَٰبَهَ مِنۡهُ ٱبۡتِغَآءَ ٱلۡفِتۡنَةِ وَٱبۡتِغَآءَ تَأۡوِيلِهِۦۖ ﴾ آل عمران: ٧

अर्थ : अल्लाहले नै तिमीलाई किताब प्रदान गऱ्यो, जसका केही आधारभूत श्लोकहरू छन्, त्यही वास्तविक किताब हो र केही सामान्य प्रकृतिका छन् । अनि जसको हृदयमा कुटिलता हुन्छ तिनले फसाद गर्ने मनसाय र गलत व्याख्याको नीयतले यिनै सामान्य श्लोकहरूका पछाडि लागि पर्दछन् ।( सूरतु आले इम्रान ७ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “जब तिमी यस्ता मानिसहरूलाई हेर जुन सन्देहजनक कुरहरूको अनुशरण गरिरहेका छन् त बुझिहाल कि तिनै ती मानिसहरू हुन् जसबाट बाँच्ने अल्लाहले आदेश गरेका छन्” ।

यसको उदाहरण : जब तिमीसित बहुदेववादीहरू भनुन् जस्तोकि अल्लाहले कुरआनमा उनीहरूको तर्कलाई यसरी वर्णन गरेको छ :

﴿ أَلَآ إِنَّ أَوۡلِيَآءَ ٱللَّهِ لَا خَوۡفٌ عَلَيۡهِمۡ وَلَا هُمۡ يَحۡزَنُونَ ﴾ يونس: ٦٢

अर्थ : सुनिराखः कि अल्लाहका मित्रहरूलाई न कुनै भयत्रास हुनेछ र नत तिनीहरू दुःखी नै हुनेछन् । ( सूरतु यूनुस ६२ )

र यो पनि भनुन् कि: सिफारिश गर्नु त सत्य र प्रमाणित कुरो हो, वा नबीहरू अल्लाह निकट सम्मानित श्रेणीवाला छन्... र रसूल सल्लल्लाहो अलैहे वसल्लमका केही हदीसबाट प्रमाणीकरण गरुन् जसलाई बुझ्नु तपाईको लागि अप्ठ्यारो होस्, त यस्ता मान्छेहरूलाई यो जवाफ दिनुस्: कि अल्लाहले भनेको छ कि जसको हृदयमा कुटिलता हुन्छ त्यो सन्देहजनक कुराहरूको अनुशरण गर्छ । र अल्लाहले यो पनि वर्णन गरेको छ कि बहुदेववादीहरू तौहीदे रुबूबियतमा आस्था राख्दथे, तर अल्लाहले उनीहरूलाई सन्देष्टा र स्वर्गदूतहरूलाई सिफारिशी र

केही सहायता गर्ने कुरोमाथि आस्था राख्नुको कारण काफिर र अधर्मी भनेको छ, किनकि उनीहरू भन्थे:

﴿ وَيَقُولُونَ هَٰٓؤُلَآءِ شُفَعَٰٓؤُنَا عِندَ ٱللَّهِ ﴾ يونس: ١٨

अर्थ : र भन्दछन् कि यिनीहरूले अल्लाहका समीपमा हाम्रो सिफारिश गर्ने छन् । ( सूरतु यूनुस १८ )

त यो नै वास्तविक कुरो हो, र यो अर्थ यति प्रष्ट छ कि यसको अर्थ कोही पनि परिवर्तित गर्न सक्दैन । र हे बहुदेववादीहरू जुन कुराहरूलाई तिमीहरूले कुरआन र हदीसबाट वर्णन गरेका छौ जसको अर्थ मलाई त थाहा छैन तर यो यादराख कि यो एउटा अटल सत्य हो कि अल्लाहको वाणीमा कुनै विरोधात्मक कुराहरू छैनन्, र रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन कुरआन विरुद्ध कदापि हुन्सक्दैन ।

र यो एउटा राम्रो र परिपूर्ण उत्तर हो, तर यसलाई त्यही मान्छे बुझ्न सक्छ जसलाई अल्लाह बुझ्ने बुद्धि प्रदान गरोस् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَمَا يُلَقَّىٰهَآ إِلَّا ٱلَّذِينَ صَبَرُواْ وَمَا يُلَقَّىٰهَآ إِلَّا ذُو حَظٍّ عَظِيمٍ ﴿٣٥﴾ ﴾ فصلت: ٣٥

अर्थ : र यी कुरा उनीहरूलाई मात्र प्राप्त हुन्छ, जो धैर्य गर्नेवाला छन् र उनीहरूलाई मात्र प्राप्त हुन्छ जो बढो भाग्यमानी छन् । ( सूरतु फुस्सिलता ३५)

२-विस्तृत उत्तर : अल्लाहका शत्रुहरू अल्लाहको धर्ममाथि विभिन्न प्रकारका टिप्पणी गर्छन् जसद्वारा अल्लाहका भक्तहरूलाई अल्लाहका सत्यमार्गबाट रोक्दछन्, र ती टिप्पणी र दिग्भ्रमित कुराहरूमध्ये यो कुरो पनि हो कि भन्छन्: हामी अल्लाहको साथमा कसैलाई सहभागी मान्दैनौं बरु हामी यो गवाही दिन्छौं कि : अल्लाह बाहेक अन्नदाता, जन्मदाता र लाभ हानि पुर्‍याउने शक्तिमान कोही पनि छैन । र यो गवाही दिन्छौं कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम पनि स्वयम् आफ्नो हानि लाभमाथि शक्ति सम्पन्न छैनन्, र अब्दुल कादिर जीलानी र उनी बाहेक अरु कोही कुनै वस्तुमाथि शक्ति राख्दैनन् । तर म एउटा पापी व्यक्ति हूँ,

र सदाचारीहरूको अल्लाहको समीप अति उत्तम स्थान छ यसै कारण उनीहरूको माध्यमले म अल्लाहसित याचना गर्दछु । त यसको जवाफ दिनुस् कि रसूल सल्लल्लाहो अलैहे वसल्लम जुन मान्छेहरूसित युद्ध गर्नु भयो ती मानिसहरू पनि ती सबै कुराहरूको गवाही दिन्थे जसको गवाही तिमीहरू दिन्छौ ? र उनीहरूको यो आस्था थियो कि मूर्तिहरू कुनै हानि लाभका मालिक छैनन् बरु हामी मात्र उनीहरूको प्रतापको माध्यमले अल्लाहसित याचना गर्दछौं जस्तोकि अघि नै वर्णन गरिसकेका छौं ।

तर यदि उनीहरू भनुन् कि उपरोक्तका श्लोकहरू त मूर्तिपूजकहरूको बारेमा अवतरित भएको छ अनि सदाचारी र सन्देष्टाहरूलाई मूर्ति झैं कसरी भन्न सकिन्छ ?

त यस्ताखालका मानिसहरूलाई उपरोक्तमा वर्णित कुराहरू नै जवाफको लागि प्रयाप्त छन् किनकि काफिरहरू तौहीदे रुबूबियतको इकरारको साथ साथै जस जसलाई पुकार्दथे त्यसलाई मात्र यसकारण पुकार्दथे कि उनीहरूले काफिरहरूको सिफारिश गर्नेछन् । र यो पनि भन कि ती काफिरहरूमध्ये केही त मूर्तिहरूलाई पुकार्दथे त केही सदाचारीहरूलाई, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ أُوْلَٰٓئِكَ ٱلَّذِينَ يَدۡعُونَ يَبۡتَغُونَ إِلَىٰ رَبِّهِمُ ٱلۡوَسِيلَةَ أَيُّهُمۡ أَقۡرَبُ وَيَرۡجُونَ رَحۡمَتَهُۥ وَيَخَافُونَ ﴾ الإسراء: ٥٧

अर्थ : उनीहरू, जसलाई पुकार्दछन् तिनीहरू स्वयम् आफ्ना पालनकर्ताकहाँ पहुँचको माध्यम खोज्दछन्, कि तिनीहरूमध्ये कुन धेरै नजिक हुन सक्दछ । उनीहरू स्वयम् उसको दयाको आशामा रहन्छन्, र उसको दण्डसित भयभीत रहन्छन् । ( सूरतुल् इस्रा ५७ )

र मसीह एवं उनकी आमालाई पुकार्दथे । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ مَّا ٱلۡمَسِيحُ ٱبۡنُ مَرۡيَمَ إِلَّا رَسُولٞ قَدۡ خَلَتۡ مِن قَبۡلِهِ ٱلرُّسُلُ وَأُمُّهُۥ صِدِّيقَةٞۖ كَانَا يَأۡكُلَانِ ٱلطَّعَامَۗ ٱنظُرۡ كَيۡفَ نُبَيِّنُ

لَهُمُ ٱلْـَٔايَـٰتِ ثُمَّ ٱنظُرْ أَنَّىٰ يُؤْفَكُونَ ٧٥ قُلْ أَتَعْبُدُونَ مِن
دُونِ ٱللَّهِ مَا لَا يَمْلِكُ لَكُمْ ضَرًّا وَلَا نَفْعًا ۚ وَٱللَّهُ هُوَ ٱلسَّمِيعُ ٱلْعَلِيمُ ٧٦

﴾ المائدة: ٧٥ - ٧٦

अर्थ : मसीह बिन मरियम त मात्र पैगम्बर (दूत) हुन् अरु केही होइनन् । उनीभन्दा अगाडि पनि धेरै पैगम्बरहरू गुजरिसकेका छन् र उनकी आमा अल्लाहकी सत्यनिष्ट आज्ञाकारी नारी थिइन् । दुवै खाना खान्थे, हेर, हामीले यिनीहरूका लागि तर्कहरू कसरी राख्दछौं । फेरि विचार गर्नुस् कि यिनीहरू कसरी त्यसलाई इन्कार गर्दछन् । भनिदिनुस् कि तिमीहरू अल्लाह बाहेक त्यस्ता कुराको पूजा गर्दछौ जोसँग तिमीलाई नाफा र नोक्सानी पुऱ्याउने कुनै अधिकारै छैन र अल्लाह नै (सबै कुरा) सुन्दछ र जान्दछ । ( सूरतुल् माइदा ७५,७६ )

र अल्लाहको यस फर्मानलाई पनि त्यस समक्ष प्रस्तुत गर कि अल्लाहको भनाई छ :

﴿ وَإِذْ قَالَ ٱللَّهُ يَـٰعِيسَى ٱبْنَ مَرْيَمَ ءَأَنتَ قُلْتَ لِلنَّاسِ ٱتَّخِذُونِى وَأُمِّىَ
إِلَـٰهَيْنِ مِن دُونِ ٱللَّهِ ۖ قَالَ سُبْحَـٰنَكَ مَا يَكُونُ لِىٓ أَنْ أَقُولَ مَا لَيْسَ لِى بِحَقٍّ ۚ
إِن كُنتُ قُلْتُهُۥ فَقَدْ عَلِمْتَهُۥ ۚ تَعْلَمُ مَا فِى نَفْسِى وَلَآ أَعْلَمُ مَا فِى نَفْسِكَ ۚ إِنَّكَ
أَنتَ عَلَّـٰمُ ٱلْغُيُوبِ ١١٦ ﴾ المائدة: ١١٦

अर्थ : र त्यो समय पनि वर्णन योग्य छ जब अल्लाहले भन्ने छ: हे ईसा बिन मरियम ! के तिमीले मानिसहरूसित भनेका थियौ कि अल्लाह बाहेक मलाई र मेरी आमालाई पूज्य बनाइहाल ? ईसा (अलैहिस्सलाम) ले भन्ने छन् कि तिमी पवित्र छौ, मलाई त्यो कुरा भन्न उचित कसरी हुन सक्दथ्यौ जुन कुराको मलाई अधिकार छैन ? मैले त्यसो भनेको भए तिमीलाई थाहा होला, (किनभने) जुन कुरा मेरो मनमा छ त्यो पनि

तिमीलाई थाहा छ र जुन कुरो तिम्रो मनमा छ त्यो मलाई थाहा छैन । निःसन्देह तिमी सबै गुप्त कुराको ज्ञाता हौ । (सूरतुल् माइदा ११६)

र अल्लाहको यस कथनलाई पनि वर्णन गर :

﴿وَيَوْمَ يَحْشُرُهُمْ جَمِيعًا ثُمَّ يَقُولُ لِلْمَلَٰٓئِكَةِ أَهَٰٓؤُلَآءِ إِيَّاكُمْ كَانُوا۟ يَعْبُدُونَ ﴿٤٠﴾ قَالُوا۟ سُبْحَٰنَكَ أَنتَ وَلِيُّنَا مِن دُونِهِم ۖ بَلْ كَانُوا۟ يَعْبُدُونَ ٱلْجِنَّ ۖ أَكْثَرُهُم بِهِم مُّؤْمِنُونَ ﴿٤١﴾﴾ سبأ: ٤٠ - ٤١

अर्थ : र जुन दिन उसले यी सबैलाई एकत्रित गर्नेछ, अनि फरिश्ताहरूसित भन्ने छ किः "के यी मानिसहरूले तिमीलाई पूजा गर्दथे" ? उनीहरूले भन्नेछन्: "पवित्र छौ तिमी, हाम्रो निकटताको मधुर सम्बन्ध त तिमीसितै छ, उनीहरूसित होइन, बरु कुरा यो छ कि उनीहरूले जिन्नहरूको पूजा गर्ने गर्दथे, उनीहरूमध्ये धेरैले तिनीहरूमाथि नै विश्वास गर्दथे" । ( सूरतु सबा ४०,४१ )

अनि उनीहरूसित भनः कि अल्लाहले उनीहरूलाई पनि काफिर भनेको छ जुन मूर्तिपूजक थिए र उनीहरूलाई पनि जुन सदाचारी र सन्देष्टाहरूलाई पुकार्दथे र रसूल सल्लल्लाहो अलैहे वसल्लमले यी दुवै ग्रुपसित युद्ध गर्नु भयो ।

फेरि यदि उनीहरू भन्छन् कि : काफिरहरू उनीहरूसित लाभ चाहन्थे तर म यो आस्था राख्दछु कि अल्लाह नै हानि लाभ पुऱ्याउनेवाला शक्ति सम्पन्न छ, त्यो नै संसारको रचयता र प्रचालक हो । र म त्यस बाहेक कसैसित हानि लाभको आशा राख्दैन । र सदाचारीहरू कुनै कुरामाथि शक्ति सम्पन्न छैनन्, तर म उनीहरूको मात्र सिफारिश चाहन्छु ।

त तपाई भन्नुस् कि सोही कुरा काफिरहरू पनि भन्थे जस्तोकि अल्लाहको फर्मान छ :

﴿وَٱلَّذِينَ ٱتَّخَذُوا۟ مِن دُونِهِۦٓ أَوْلِيَآءَ مَا نَعْبُدُهُمْ إِلَّا لِيُقَرِّبُونَآ إِلَى ٱللَّهِ﴾ الزمر: ٣

अर्थ : र जसले उस बाहेक अरु मित्र बनाएका छन् र भन्दछन् कि : "हामीले यिनीहरूलाई यसकारण पूज्दछौं कि हामीलाई अल्लाहको सामिप्यता प्राप्त गराइदिउन् ।" ( सूरतुज्जुमर ३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَيَقُولُونَ هَٰٓؤُلَآءِ شُفَعَٰٓؤُنَا عِندَ ٱللَّهِ ﴾ يونس: ١٨

अर्थ : र भन्दछन् कि यिनीहरूले अल्लाहका समीपमा हाम्रो सिफारिश गर्ने छन् । ( सूरतु यूनुस १८ )

र खबरदार (सावधान) ! यी तीनवटै सन्देहहरू नै उनीहरूका सर्वोत्कृष्ट टिप्पणीहरू हुन्, र जब तपाईलाई यो थाहा भयो कि अल्लाहले यी सन्देहहरूको निवारण र स्पष्टिकरण पवित्र कुरआनमा वर्णन गरिसकेको छ, त यसबाहेक अरु सन्देहजनक कुराहरूको उत्तर अति सजिलो छ ।

र यदि त्यो भनोस् कि मत केवल अल्लाहको पूजा गर्दछु र यी सदाचारीहरूलाई पुकार्नु पूजा होइन ?

त तपाई भन्नुस् कि के तिमी यस कुरामा विश्वास राख्दछौ कि अल्लाहले तिमीमाथि यो अनिवार्य गरेको छ कि मात्र उसैको लागि पूजा विशेष गर । त त्यो यदि यो भन्छ: हो, तपाई सत्य भन्नु भयो, ममाथि यो अनिवार्य छ । त त्यससित भन कि यस कुराको अर्थ के हो ? र पूजाका कति थरीहरू छन् ? यदि त्यसलाई थाहा छैन भने त्यसलाई अल्लाहको यो कथन सुनाऊ :

﴿ ٱدۡعُواْ رَبَّكُمۡ تَضَرُّعٗا وَخُفۡيَةً ﴿٥٥﴾ ﴾ الأعراف: ٥٥

अर्थ : (मानिसहरू !) आफ्नो पालनकर्तासंग विनम्रताको साथ ठूलो स्वरले र एकान्तमा प्रार्थना गर । ( सूरतुल् अअ्राफ ५५ )

र जब तपाईले त्यसलाई यो ज्ञान दियौ फेरि त्यससित भन: अहिले तिमीलाई थाहा भयो कि पुकार्नु पनि पूजा हो । र त्यससित भन कि दुआ र याचना नै मूल र मुख्य पूजा हो । अनि भन कि तिमीले अल्लाहलाई त्यसको दया पाउनुको आशामा दिन रात पुकार्दछौ, फरि त्यसै मनोकामनाको पूर्तिको लागि नबी (सन्देष्टा) र सदाचारीहरूलाई पनि पुकार्दछौ, त के तिमीले यस पूजामा अल्लाहको साथ नबी एवं

सदाचारीहरूलाई साझेदार र सहभागी बनाएनौ ? त त्यो अवश्य भन्नेछ कि हो मैले त अवश्य अल्लाहको साझीदार ठहराएँ । त त्यससित भन के तिमीलाई अल्लाहको यो कथन थाहा छः

﴿ فَصَلِّ لِرَبِّكَ وَٱنْحَرْ ﴿٢﴾ ﴾ الكوثر: ٢

अर्थ : अतः आफ्नो पालनकर्ताको लागि नमाज़ पढ्ने गर र उसको निम्ति कुर्बानी (बलि) गर । ( सूरतुल् कौसार २ )

अर्थात तिमीले अल्लाहको लागि नमाज पढ्यौ र बलि गऱ्यौ त के यो पूजा होइन ?

त त्यो अवश्य भन्नेछ कि हो यो त मुख्य पूजामध्येको नै हो । त तपाई भनः यदि तिमीले कुनै मनुष्यको लागि अथवा कुनै पनि सृष्टिको लागि बलि गर्छौ भने के तिमीले यस पूजामा अल्लाहको साथ अरु सृष्टिलाई साझी गरेनौं ?

त त्यो अवश्य भन्नेछ कि हो मैले यस्तो गरें । र तपाई यो पनि भन कि मक्काका बहुदेववादी र मुश्रिक एवं काफिरहरूको बारेमा कुरआन अवतरित भयो त के उनीहरू फरिश्ताहरू र सदाचारी... आदिको पूजा गर्थे ? त त्यो भन्नेछ कि हो तिनीहरू यी सृष्टिहरूको पूजा गर्थे । त तिमी भन कि के तिनीहरको त्यो पूजा दुआ, बलि, याचना.. आदिमा थिएन ? वा उनीहरू यो आस्था राख्दथे कि उनीहरू ती पूजिएका सृष्टिहरूका भक्त हुन्, वा तिनीहरूको अधिपत्यमा छन् ? वा यो आस्था राख्दथे कि सबै कुरामाथि अधिपत्यशाली त अल्लाह नै छ तर ती सृष्टिहरूलाई मात्र सिफारिशको लागि पुकार्दथे ? र यो कुरो प्रष्ट नै भइसकेको छ कि उनीहरू मात्र सिफारिशको आशामा ती सृष्टिहरूलाई पुकार्दथे ।

र यदि त्यो भनोस् किः के तिमी रसूल सल्लल्लाहो अलैहे वसल्लमको सिफारिशका इन्कारी छौ ?

त तपाई भन्नुस् कि : म कदापि रसूल सल्लल्लाहो अलैहे वसल्लमको सिफारिशको इन्कारी छैन, बरु रसूल सल्लल्लाहो अलैहे वसल्लम त यस्ता सिफारिशी हुन् जसको सिफारिश कबूल गरिनेछ, र म उहाँ सल्लल्लाहो अलैहे वसल्लमको सिफारिशको अभिलाषी छुँ । तर

समस्त सिफारिश त अल्लाहकै लागि विशिष्ट छन्, जस्तोकि अल्लाहको फर्मान छ :

﴿قُل لِّلَّهِ ٱلشَّفَٰعَةُ جَمِيعًاۖ﴾ الزمر: ٤٤

अर्थ : भनिदिनुस् ! कि "सबै सिफारिशको मालिक त अल्लाह नै हो । ( सूरतुज्जुमर ४४ )

र कुनै पनि सिफारिश बिना अल्लाहको अनुमति कबूल हुन्सक्दैन, जस्तोकि अल्लाहको फर्मान छ :

﴿مَن ذَا ٱلَّذِي يَشۡفَعُ عِندَهُۥٓ إِلَّا بِإِذۡنِهِۦۚ﴾ البقرة: ٢٥٥

अर्थ : को छ जसले उसको अनुमति बिना उससँग कसैको सिफारिश गर्न सकोस् । (सूरतुल् बकर: २५५)

र कुनै सृष्टि त्यस समयसम्म सिफारिश गर्न सक्दैन जबसम्म त्यसको आदेश नहोस् जस्तोकि अल्लाहको भनाई छ :

﴿وَلَا يَشۡفَعُونَ إِلَّا لِمَنِ ٱرۡتَضَىٰ﴾ الأنبياء: ٢٨

अर्थ : र उनीहरूले उसको समीपमा कसैको सिफारिश गर्न सक्दैनन्, तर उस व्यक्ति बाहेक, जोसित अल्लाह प्रसन्न छ । ( सूरतुल् अंयिबा २८)

र अल्लाह एकेश्वरवाद बाहेक कुनै अरु कुराबाट राजी र प्रसन्न हुँदैन । जस्तोकि अल्लाहको फर्मान छ :

﴿وَمَن يَبۡتَغِ غَيۡرَ ٱلۡإِسۡلَٰمِ دِينٗا فَلَن يُقۡبَلَ مِنۡهُ﴾ آل عمران: ٨٥

अर्थ : जुन मानिस इस्लाम बाहेक कुनै अन्य धर्मको खोजी गर्दछ भने उसको धर्म स्वीकार गरिने छैन । ( सूरतु आले इम्रान ८५ )

त हे भाइ ! जब सबै सिफारिशहरू अल्लाहकै लागि हुन्, र त्यस अल्लाहको अनुमति बिना सिफारिश गरिनै सकिदैन, र रसूल सल्लल्लाहो अलैहे वसल्लम र उनी बाहेक जुनसुकै पनि होउन् बिना अल्लाहको अनुमति सिफारिश गर्न सक्दैनन् । र अल्लाह एकेश्वरवादी बाहेक कसै अरुलाई सिफारिश गर्ने अनुमति पनि दिने छैनन् । तसर्थ यो प्रष्ट भयो कि सबै सिफारिश अल्लाहकै लागि छन्, त तिमी यस्तो भन कि हे

अल्लाह मलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको सिफारिशबाट बञ्चित नगर, हे अल्लाह उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई मेरो सिफारिशी बनाऊ, अर्थात उनीहरूको सिफारिशलाई पाउनुको याचना अल्लाहसित गर ।

त यदि त्यो भनोस्: कि रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई सिफारिश गर्ने कुरा प्रदान गरिएको छ तसर्थ म त्यो प्रदान गरिएको सिफारिशमध्ये नै चाहन्छु । त भन कि नि:सन्देह अल्लाहले रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई सिफारिश गर्ने योग्यता प्रदान गरेको छ तर त्यसको साथ साथै यो पनि भनेको छ कि:

﴿ فَلَا تَدْعُوا مَعَ اللَّهِ أَحَدًا ﴿١٨﴾ ﴾ الجن: ١٨

अर्थ : अल्लाहसँग कुनै अरुलाई नपुकार । ( सूरतुल् जिन्न १८ )

तसर्थ यदि तिमी अल्लाहसित यो याचना गर्छौ कि हे अल्लाह मेरो नबीलाई मेरो सिफारिशी बनाइदेऊ तब तिमी अल्लाहको यस हुकुमको पालना गरिरहेका छौ

﴿ فَلَا تَدْعُوا مَعَ اللَّهِ أَحَدًا ﴿١٨﴾ ﴾ الجن: ١٨

अर्थ : अल्लाहसँग कुनै अरुलाई नपुकार । ( सूरतुल् जिन्न १८ )

र यो पनि ज्ञात रहोस् कि रसूल सल्लल्लाहो अलैहे वसल्लम बाहेक अरु सृष्टिलाई पनि सिफारिश गर्ने योग्यता प्रदान गरिएको छ जस्तोकि वलीहरू, बाल्यकालमा मृत्यु भएका शिशुहरू ... आदि । त यदि तिमी अल्लाहले प्रदान गरेको सिफारिश जसलाई प्रदान गरिएको छ त्यससित माँग्दछौ भने यो पूजा सरह भइहाल्छ, र यदि त्यसलाई आफ्नो सिफरिशी बनाउने याचना अल्लाहसित गर्नेछौ भने यो नै हलाल र वैध कुरो हो । तर तिम्रो यो कुरो अमान्य र अवैध भइहाल्छ कि तिमीले त्यस सिफारिशबाट सिफारिशको आशामा त्यस मान्छेलाई पुकार्दछौ जुन अल्लाहले नै प्रदान गरेको छ ।

त यदि त्यो भन्छ कि म त अल्लाहको साथ शिर्क साझीदार कदापि बनाउदैन बरु सदाचारीहरूसित याचना गर्दछु र यो शिर्क (बहुदेववाद) होइन ।

त तिमी भन : कि यदि तिमी यो कबूल गर्छौ कि अल्लाहले बहुदेववादलाई व्यभिचारभन्दा अधिक जघन्य अपराध भनेको छ, र यसलाई मान्छौ कि अल्लाह यसलाई क्षमा गर्ने छैनन् । त यो शिर्क के हो ? के तिमीलाई यस्तो लाग्छ कि जस कुरालाई अल्लाहले जघन्यतम् अपराध भनेछ र जसलाई क्षमा गर्ने छैन त्यसलाई हाम्रो निम्ति स्पष्ट पारेको छैन ?

त यदि त्यो भनोस्: कि शिर्कको अर्थ हो मूर्तिलाई पूज्नु, र हामी मूर्तिलाई पूज्दैनौं । त त्यससित भन कि : के तिमी यस भ्रममा छौ कि काफिरहरू यी मूर्तिहरू रुखहरू, आदिलाई अन्नदाता, जन्मदाता र प्रतिपालक मान्दछन् ? यदि तिमी यस्तो भ्रममा छौ भने तिमी कुरआनलाई असत्य ठान्दछौ ।

र यदि त्यो भन्छ कि : शिर्कको अर्थ हो कुनै रुख, पत्थर, मूर्ति, चिहान ...आदिलाई पुकार्नु र उनीको लागि बलि दिनु यस आस्थाको साथ कि उनीहरू हामीलाई अल्लाहको सामीप्यता प्रदान गर्नेछन् वा अल्लाह उनीहरूको प्रतापलेगर्दा हामीलाई केही लाभ पुऱ्याउँछ वा हाम्रो कष्टलाई हटाइदिन्छ ।

त उनीसित भन: अहिले तिमीले सत्य भन्यौ, यो नै शिर्क हो, र तिमीहरू चिहान आदिको पासमा यो नै गर्छौ त वास्तवमा यो नै मूर्ति पूजा हो ।

र त्यससित यो पनि भन्नुस् कि : तपाईको यो कथन " शिर्क मूर्ति पूजालाई भन्छन् " त यसबाट के तपाईले यो भन्न खोजेको कि शिर्क मात्र मूर्ति पूजालाई भन्छन्, र सदाचारीहरूलाई पुकार्नु यसमा शामेल छैन ? र भन कि: अल्लाहले जुन शिर्कलाई पवित्र कुरआनमा वर्णन गरेको छ त्यो हो फरिश्ताहरू र सदाचारीहरूलाई पुकार्नु । र यस समस्याको रहस्य नै यो हो कि यदि कुनै मान्छे भन्छ कि म अल्लाहको साथ कसैलाई साझीदार बनाउँदैन । त त्यससित सोध कि शिर्कको अर्थ मलाई बताऊ ? त यदि त्यो भन्छ: कि शिर्क मूर्ति पूजालाई भन्छन् । त भन: र मूर्ति पूजाको अर्थ के हो ? त यदि त्यो उत्तर दिन्छ कि म अल्लाह बाहेक कसैलाई पूजा गर्दैन । त भन: र अल्लाहको पूजा गर्नुको अर्थ मलाई बताऊ ? त यदि त्यो त्यही अर्थ बताउँछ जुन पवित्र

कुरआनले बताएको छ त अति राम्रो हुन्छ, तर त्यसलाई यसको परिभाषा थाहा नै छैन भने त्यो यो कसरी भन्नसक्दछ कि म शिर्क गर्दैन र म मात्र अल्लाहको पूजारी हूँ । तर यदि त्यो कुरआनले वर्णन गरेको अर्थ बाहेक कुनै अरु अर्थ बताउँछ भने त्यसलाई कुरआनका श्लोकहरूको माध्यमले सही अर्थ बुझाउने प्रयत्न गर, र यो बताऊ कि उनीहरू सोही गरिरहेका छन् जसलाई पहिलाका मुश्रिकहरूले गर्दै आएका छन् । अल्लाहको फर्मान छ :

﴿ أَجَعَلَ ٱلۡأٓلِهَةَ إِلَٰهٗا وَٰحِدًاۖ إِنَّ هَٰذَا لَشَيۡءٌ عُجَابٞ ۝٥ ﴾ ص: ٥

अर्थ : के उसले यती धेरै पूज्य उपास्यहरूलाई एकलो एउटै उपास्य बनाइदियो ? यो त ठूलै आश्चर्यजनक कुरा हो । ( सूरतु साद ५ )

त यदि त्यो भनोस्: कि उनीहरू फरिश्ता र नबीहरूलाई पुकार्नुको कारण काफिर घोषित गरिएनन् बरु आफ्नो कुराको कारण काफिर घोषित भए जसमा उनीहरू भन्थे कि फरिश्ताहरू अल्लाहकी पुत्रीहरू हुन्, तर हामी अब्दुल कादिर जीलानीलाई अल्लाहको छोरा भन्दैनौं ।

त यसको उत्तर यो हो कि अल्लाहको लागि छोरा छोरीको दावी गर्नु एउटा पूर्ण र अलग्गै नास्तिकता हो । अल्लाहको फर्मान छ :

﴿ قُلۡ هُوَ ٱللَّهُ أَحَدٌ ۝١ ٱللَّهُ ٱلصَّمَدُ ۝٢ ﴾ الإخلاص: ١ - ٣

अर्थ : तपाई भनिदिनुस् कि त्यो अल्लाह एक छ । अल्लाह निरपेक्ष छ । ( सूरतुल् इख्लास १,२ )

त एकको अर्थ हो जसको कोही सहभागी नहोस्, र निरपेक्षको अर्थ हो जसलाई कसैको आवश्यकता नहोस् र सबै त्यसको मुखापेक्षी होउन् । त जसले यसको इन्कार गऱ्यो त्यो काफिर भयो यद्यपि यस सूरतको इन्कार नगरोस् । अल्लाहको फर्मान छ :

﴿ مَا ٱتَّخَذَ ٱللَّهُ مِن وَلَدٖ وَمَا كَانَ مَعَهُۥ مِنۡ إِلَٰهٍۚ ﴾ المؤمنون: ٩١

अर्थ : अल्लाहले नत कसैलाई छोरा बनाएको छ र नत उसको साथमा अरु कोही पूज्य छ । ( सूरतुल् मूमिनून ९१ )

त अल्लाहले दुवैलाई एकआर्काबाट भिन्न नास्तिकता भनेको छ र दुवै वीच विभाजन गरेको छ । र अल्लाहको फर्मान छ :

﴿ وَجَعَلُوا۟ لِلَّهِ شُرَكَآءَ ٱلْجِنَّ وَخَلَقَهُمْ ۖ وَخَرَقُوا۟ لَهُۥ بَنِينَ وَبَنَٰتٍۭ بِغَيْرِ عِلْمٍ ۚ سُبْحَٰنَهُۥ وَتَعَٰلَىٰ عَمَّا يَصِفُونَ ﴿١٠٠﴾ ﴾ الأنعام: ١٠٠

अर्थ : र तिनीहरूले शैतानहरूलाई अल्लाहका साझेदार ठहराउँदछन् जब कि तिनीहरूलाई अल्लाहले नै सृष्टि गरेको हो र ती अज्ञानीहरूले (अल्लाहका) छोरा छोरीहरू बनाएका छन् तर ऊ ( अल्लाह) यस्ता कुराहरूबाट मुक्त र पवित्र छ जुन तिनीहरूले उसको बारेमा भन्दछन् । ( सूरतुल् अन्आम १०० )

त यस श्लोकमा पनि अल्लाहले दुवै नास्तिकता बीच विभाजन गरेको छ ।

र यस कुरामाथि यो पनि प्रमाणीकरण गर्छ कि जस जसले सदाचारीहरूलाई पुकारेका थिए तिनीहरूले सदाचारीरुलाई अल्लाहको छोरा भनेका थिएनन् नत जसले जिन्नातहरूलाई पूज्दथे उनी पनि जिन्नलाई अल्लाहको छोरा मान्दैनथे ।

र यस्तै चारौं इमामहरूका अनुयायीहरू यस कुरामा सहमत छन् कि जसले पनि अल्लाहको छोरा हुने दावी गऱ्यो त्यो मुर्तद भयो, त यिनीहरू पनि दुवै बीच विभाजन गर्छन्, त यो कुरा अति प्रष्ट छ ।

र यदि त्यो भनोस कि:

﴿ أَلَآ إِنَّ أَوْلِيَآءَ ٱللَّهِ لَا خَوْفٌ عَلَيْهِمْ وَلَا هُمْ يَحْزَنُونَ ﴾ يونس: ٦٢

अर्थ : सुनिराख: कि अल्लाहका मित्रहरूलाई न कुनै भयत्रास हुनेछ र नत तिनीहरू दु:खी हुनेछन् । ( सूरतु यूनुस ६२ )

त तपाई भन्नुस्: तिमीले सत्य भन्यौ तर तिनीहरूको पूजा गरिन्न ।

र हामी मात्र यो भन्न खोजेको कि उनीहरूको पूजा नगरियोस् नत उनीलाई अल्लाहको सहभागी मानियोस्, नत्र उनीहरूसित प्रेम गर्नु, र उनीहरूको अनुशरण गर्नु र उनीहरूको करामत (आश्चर्यचकित कृतिहरू) माथि विश्वास गर्नु सबैमाथि अनिवार्य छ ।

र वलीहरूको करामतको इन्कार त मात्र हवसका पुजारी र बिदअतीहरू र पथभ्रमितहरू नै गर्छन्, किनकि अल्लाहको धर्म सत्य असत्य बीच, र पथविचलन एवं नास्तिकता बीच मध्यमार्गी धर्म हो ।

त जब तपाईलाई शिर्कको बारेमा पूर्णतया ज्ञान भयो, र यो नै त्यो शिर्क हो जसको बारेमा कुरआन पुष्टिकरण गर्छ, र यसै शिर्कको कारण रसूलहरूले (सन्देष्टाहरूले) युद्ध गर्नु भयो । तसर्थ यो पनि ज्ञात रहोस् कि विगतका मान्छेहरूको शिर्क हाम्रा युगका बहुदेववादीहरूका शिर्कभन्दा प्रमुख दुई कारणलेगर्दा अलि कम थियो:

१- पहिलाका बहुदेववादीहरू (मुश्रिकहरू) मात्र समृद्धता र सुगमताको अवस्थामा स्वर्गदूत, सदाचारी र वलीहरूलाई अल्लाहको साझीदार बनाउँथे, तर कुनै कष्टको मौकामा केवल अल्लाहलाई नै पुकार्दथे । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَإِذَا مَسَّكُمُ ٱلضُّرُّ فِى ٱلْبَحْرِ ضَلَّ مَن تَدْعُونَ إِلَّآ إِيَّاهُ ۖ فَلَمَّا نَجَّىٰكُمْ إِلَى ٱلْبَرِّ أَعْرَضْتُمْ ۚ وَكَانَ ٱلْإِنسَٰنُ كَفُورًا ﴿٦٧﴾ ﴾ الإسراء: ٦٧

अर्थ : र जब तिमीलाई समुद्रमा बिपत्ति आइपुग्छ त जसलाई तिमीले पुकार्ने गर्दछौ उही अल्लाह बाहेक सबै हराइहाल्छन्, अनि हामीले जब तिमीलाई बचाएर स्थलतिर लैजान्छौं, त तिमी विमुख भइहाल्छौ र मानिस धेरै कृतघ्न छ । ( सूरतुल् इस्रा ६७ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ قُلْ أَرَءَيْتَكُمْ إِنْ أَتَىٰكُمْ عَذَابُ ٱللَّهِ أَوْ أَتَتْكُمُ ٱلسَّاعَةُ أَغَيْرَ ٱللَّهِ تَدْعُونَ إِن كُنتُمْ صَٰدِقِينَ ﴿٤٠﴾ بَلْ إِيَّاهُ تَدْعُونَ فَيَكْشِفُ مَا تَدْعُونَ إِلَيْهِ إِن شَآءَ وَتَنسَوْنَ مَا تُشْرِكُونَ ﴿٤١﴾ ﴾ الأنعام: ٤٠ - ٤١

अर्थ : तपाई भन्नुस् (काफिरहरू) आफ्नो मनमा विचार गर कि यदि तिमीमाथि अल्लाहको सजाय आइपरेमा वा कियामत आइपुग्छ त के तिमी अल्लाह बाहेक अरु कसैलाई गुहार्ने छौ ? यदि तिमी साँचो हौ । बरु, खास उसैलाई गुहार्नेछौ, अनि जसको लागि तिमी गुहार्नेछौ,

यदि ऊ चाहन्छ भने त्यसलाई हटाइदिन्छ र जसलाई तिमी साझेदार ठहराउँछौ तिनीहरूलाई बिर्सिनेछौ । ( सूरतुल् अन्आम ४०, ४१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَإِذَا غَشِيَهُم مَّوۡجٞ كَٱلظُّلَلِ دَعَوُاْ ٱللَّهَ مُخۡلِصِينَ لَهُ ٱلدِّينَ ﴾ لقمان: ٣٢

अर्थ : र जब (समुद्रका) तरङ्गहरूले तिनीहरूलाई छायाछत्र (पाल) जस्तै छोपी हाल्छन् तब उनले विश्वासका साथ अल्लाहलाई नै पुकार्छन् । ( सूरतु लुकमान ३२ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ ۞ وَإِذَا مَسَّ ٱلۡإِنسَٰنَ ضُرّٞ دَعَا رَبَّهُۥ مُنِيبًا إِلَيۡهِ ثُمَّ إِذَا خَوَّلَهُۥ نِعۡمَةٗ مِّنۡهُ نَسِيَ مَا كَانَ يَدۡعُوٓاْ إِلَيۡهِ مِن قَبۡلُ وَجَعَلَ لِلَّهِ أَندَادٗا لِّيُضِلَّ عَن سَبِيلِهِۦۚ قُلۡ تَمَتَّعۡ بِكُفۡرِكَ قَلِيلًاۖ إِنَّكَ مِنۡ أَصۡحَٰبِ ٱلنَّارِ ٨ ﴾ الزمر: ٨

अर्थ : र जब मानिसलाई कुनै कष्ट पुग्दछ तब राम्रो एकाग्र भएर आफ्नो पालनकर्तालाई पुकार्दछ अनि जब अल्लाहले उसमाथि आफ्नो अनुकम्पा गर्दछ, तब त्यसले त्यस कुरालाई बिर्सिहाल्दछ जसको निम्ति पहिला पुकारिराखेको थियो, र अल्लाहको समकक्षी ठहराउन थाल्दछ, ताकि यसको परिणामस्वरूप त्यसले उसको मार्गबाट अरुलाई पनि विचलित गराइदेओस् । तपाईं भनिदिनुस् कि आफ्नो इन्कारको फाइदा केही दिनसम्म लिइहाल । अन्ततः तिमी नर्कीयहरूमध्येका हुनेछौ । ( सूरतुज्जुमर ८ )

त यी श्लोकहरूद्वारा यो स्पष्ट हुन्छ कि जुन बहुदेववादीहरूसित नबीहरूले युद्ध गरेका थिए ती मुश्रिकहरू सुगमताको अवस्थामा अल्लाहको साझीदार बनाउँथे, तर कष्ट आइपरेको अवस्थामा मात्र अल्लाहलाई पुकार्दथे र ती सबैलाई बिर्सिदिन्थे जस जसलाई सुगमताको अवस्थामा अल्ल्लाहको साझीदार बनाउँदथे ।

तर यस युगका मुश्रिक र बहुदेववादीहरू दुवै अवस्थामा अल्लाहको सहभागी ठान्दछन् ।

२- विगतका मान्छेहरू अल्लाहको साथमा जसलाई साझीदार बनाउँथे ती अल्लाहका प्रियतम् भक्तहरू हुन्थे जसरी कि नबीहरू, वलिहरू, फरिश्ताहरू ...आदि । तर वर्तमान युगका मान्छेहरू अल्लाहको सहभागी यस्ता मान्छेहरूलाई बनाइरहेका छन् जुन सबै सृष्टिभन्दा अधिक कुकर्मी हुन्छन्, जुन नमाज कायम गर्दैनन्, व्यभिचार अत्याचारमा लिप्त हुन्छन्, तसर्थ यस्ता मान्छेहरूलाई पुकार्नु विगतका मुश्रिकहरूभन्दा अधिक जघन्य अपराध हो । अर्थात विगतका मान्छेहरूको शिर्क अलि कम थियो आजको शिर्कको तुलनामा ।

त जब यो सिद्ध भयो कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले जुन मान्छेहरूसित युद्ध गर्नु भयो तिनको शिर्क आजको शिर्कभन्दा श्रेणीको दृष्टिकोणले कम थियो, यसर्थ वर्तमानका मुश्रिकहरूको सन्देहजनक कुराहरूलाई ध्यानपूर्वक सुन र त्यसको उत्तरलाई पनि ।

उनीहरू यो सन्देह जनाउँछन् कि जुन मान्छेहरूको युगमा कुरआन अवतरित भयो उनीहरू मूलमन्त्रमाथि आस्था राख्दैनथे, र रसूल सल्लल्लाहो अलैहे वसल्लममाथि पनि विश्वास गर्दैनथे, र पुनर्जन्मलाई मान्दैनथे र कुरआनलाई सत्य नमानिकन् त्यसलाई जादू भन्थे । तर हामीहरू त मूलमन्त्रमाथि आस्था राख्दछौं, र रसूल सल्लल्लाहो अलैहे वसल्लम एवं कुरआनमाथि विश्वास गर्छौं, र पुनर्जन्मलाई मान्दछौं, र नमाज कायम गर्छौं जकात दिन्छौं र व्रत बस्छौं, अनि तिमीहरू हामीहरूलाई उनहिरू झैं कसरी ठान्दछौ जुनकि अनास्थावान थिए ?

**उत्तर** : यस कुरामा विद्हरूको कुनै मतभेद छैन कि यदि कुनै मान्छे केही कुरामा अल्लाहका रसूलको विश्वास गरोस् र केहीमा विश्वास नगरोस् भने त्यो काफिर र नास्तिक नै रहन्छ त्यसले इस्लाममा प्रवेश नै गरेको छैन । र यस्तै जुन मान्छे कुरआनका केही भाग र खण्डमा विश्वास गरोस् र केहीको इन्कारी भइहालोस् भने त्यो पनि काफिर नै रहन्छ, र यसको उदाहरण यो हो कि त्यो एकेश्वरवादमा त आस्था राखोस् तर नमाज अनिवार्य हुनुको इन्कार गरोस् । वा यी दुवैमा विशवास राखोस् तर व्रतको इन्कार गरोस्, अर्थात कुनै एकको इन्कार गरेमा त्यो काफिर नै रहन्छ त्यसका समस्त प्रयास र कर्म विफल नै रहन्छन्, त्यसको कुनै कर्म पनि स्वीकार

हुनेछैन । र नबी सल्लल्लाहो अलैहे वसल्लमको युगमा हज्ज गर्नुमा मान्छेहरू ढीलासुस्ती गर्थे त अल्लाहले यो श्लोक अवतरित गऱ्यो:

﴿ وَلِلَّهِ عَلَى ٱلنَّاسِ حِجُّ ٱلْبَيْتِ مَنِ ٱسْتَطَاعَ إِلَيْهِ سَبِيلًا ۚ وَمَن كَفَرَ فَإِنَّ ٱللَّهَ غَنِىٌّ عَنِ ٱلْعَٰلَمِينَ ﴿٩٧﴾ ﴾ آل عمران: ٩٧

अर्थ : मानिसहरूमाथि अल्लाहको हक छ कि जसले त्यस घरसम्म पुग्ने सामर्थ्य राख्दछ, त्यसले हज (धार्मिक यात्रा) गरोस् । कसैले यदि यस आदेशको पालना गर्दैन भने अल्लाह पनि उससित बरु संसारबाट निस्पृह छ । ( सूरतु आले इम्रान ९७ )

र जसले पनि सबैमाथि विश्वास गऱ्यो तर पुनर्जन्मको इन्कार गऱ्यो त्यो काफिर भयो र त्यसका माल सम्पत्ति र इज्जत सम्मान र रक्त ग्राह्य भयो । अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلَّذِينَ يَكْفُرُونَ بِٱللَّهِ وَرُسُلِهِۦ وَيُرِيدُونَ أَن يُفَرِّقُوا۟ بَيْنَ ٱللَّهِ وَرُسُلِهِۦ وَيَقُولُونَ نُؤْمِنُ بِبَعْضٍ وَنَكْفُرُ بِبَعْضٍ وَيُرِيدُونَ أَن يَتَّخِذُوا۟ بَيْنَ ذَٰلِكَ سَبِيلًا ﴿١٥٠﴾ أُو۟لَٰٓئِكَ هُمُ ٱلْكَٰفِرُونَ حَقًّا ۚ وَأَعْتَدْنَا لِلْكَٰفِرِينَ عَذَابًا مُّهِينًا ﴿١٥١﴾ ﴾ النساء: ١٥٠ - ١٥١

अर्थ : जुन मानिसहरूले अल्लाह र उसका पैगम्बरहरूलाई इन्कार गर्दछन् र अल्लाह र उसको पैगम्बरहरूबीच विभाजन गर्न चाहन्छन् र भन्दछन् कि हामीले केही नबीहरूलाई मान्दछौं र केहीलाई मान्दैनौं र ईमान र कुफ्रको बीचमा एउटा बाटो निकाल्न चाहन्छन् । उनीहरू निःसन्देह काफिर हुन् र काफिरहरूको लागि हामीले अपमानित सजाय तयार गरिसकेका छौं । ( सूरतुन्निसा १५०,१५१ )

त जब यो प्रष्ट भयो कि अल्लाहले आफ्नो पवित्र ग्रन्थ कुरआनमा यो स्पष्ट गरिदिएको छ कि जसले पनि इस्लामका केही निर्देशनहरूमा आस्था राख्दछ, र केहीको इन्कारी हुन्छ त त्यो नै वास्तवमा काफिर हो ।

र यो पनि भनियोस् किः जब तिमीलाई थाहा भयो कि जसले रसूल सल्लल्लाहो अलैहे वसल्लमका सबै कुराहरूमा विश्वास गर्छ तर नमाजको अनिवार्यताको इन्कार गर्छ भने त्यो काफिर भयो, र त्यसको ज्यान माल इज्जत सम्मान हामीहरूको लागि हलाल भयो, यो नै विद्हरूको सर्वसहमतिको साथ उक्ति हो । र यस्तै इस्लामको कुनै निर्देशनलाई असत्य मानेमा वा त्यसको उपहास गरेमा पनि मान्छे काफिर भइहाल्छ । र हामीलाई यो थाहा नै छ कि इस्लामीय निर्देशनहरूमध्ये सबैभन्दा महत्वपूर्ण तौहीद (एकेश्वरवाद) हो, यदि मान्छे नमाज अथवा व्रतको इन्कार गरेमा काफिर भइहाल्छ भने जसले इस्लामको मूल आधार तौहीद जुनकि समस्त सन्देष्टाहरूको मूल आमन्त्रण र धर्म थियो त्यसको इन्कार गरेमा के त्यो काफिर हुँदैन ? यो कस्तो अचम्म लाग्ने र अनभिज्ञताको कुरो हो ।

र यो पनि जानकारी गराउनुस् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूले बनी हनिफाँ गोत्रसित युद्ध गरे जबकि उनीहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई सत्य मानेका थिए, र लाइलाहा इल्लल्लाहको गवाही पनि दिन्थे, र अजान पनि दिन्थे र नमाज पनि कायम गर्थे ।

त यदि त्यो भनोस् कि उनीहरू मुसैलमालाई नबी मान्थे । त भनः कि हामी यसै कुरालाई नै प्रष्ट गर्ने प्रयासमा छौं कि जसले पनि कसैलाई पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमको दर्जा दिन्छ त्यो काफिर भइहाल्छ, र त्यसको माल सम्पत्ति सबै हाम्रो लागि हलाल भइहाल्छ, र मूलमन्त्र  एवं मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि विश्वास राख्नुले पनि कुनै लाभ पुऱ्याउँदैन, चाहे त्यो इस्लामीय निर्देशनहरूमध्ये सबैको अनुशरण किन नगरोस् । त तपाई नै निसाफ गर्नुस् कि जुन व्यक्ति नबी अथवा वली वा फरिश्ता.. आदिलाई अल्लाहको दर्जा दिन्छ भने त्यसको परिणाम के हुन्छ ? अल्लाह यस प्रकारका समस्त कुराहरूबाट उच्च र पवित्र छन् । अल्लाहको फर्मान छ :

﴿ كَذَٰلِكَ يَطۡبَعُ ٱللَّهُ عَلَىٰ قُلُوبِ ٱلَّذِينَ لَا يَعۡلَمُونَ ٥٩ ﴾
الروم: ٥٩

अर्थ : यसै प्रकार अल्लाहले ती मानिसहरूको हृदयमा मोहर लगाई दिन्छ जो बुझ्दैनन् । ( सूरतुर्रूम ५९ )

र उनीहरूलाई यो पनि बताउनुस् कि हजरत अली रजीअल्लाहो अन्होले जुन मान्छेहरूलाई आगोमा पोलेर मार्ने आदेश गरे ती सबैजना इस्लामको दावी गर्थे, र हजरत अलीका साथी र सहायक थिए, र सहाबाबाट ज्ञान ग्रहण गरेका थिए, तर हजरत अलीको बारेमा उनीहरूले उस्तै आस्था राखे जस्तो कि आजका मुश्रिक चिहान भित्रका मानिसहरूको बारेमा र वलीहरूको बारेमा राख्दछन् । अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूले कसरी उनीहरूलाई काफिर भने र उनीहरूको वधलाई हलाल भने ? के तिमी यस भ्रममा छौ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमका सहाबाहरू मुसलमानहरूलाई काफिर भन्थे ? अथवा तिमीहरूको यो विचार छ कि वली र पीर एवं चिहानमा जुन तिमीहरूको आस्था छ त्यो त हानिकारक छैन तर सोही आस्था यदि हजरत अलीको बारेमा होस् भने त्यो कुफ्र हो ?

र तपाई उनीहरूलाई यो पनि ज्ञान गराउनुस् कि बनू अबीद अल्कद्दाह जुन मग्रिब र मिश्रका शासक थिए, बनी अब्बासको शासनकालमा ती समस्त मूलमन्त्रमा आस्था राख्दथे र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमलाई अल्लाहका रसूल मान्थे र मुस्लिम हुने दावी गर्थे, तर जब उनीहरूले इस्लामीय विधानमा थपघट गर्ने प्रयत्न गरे अथवा त्यसमा नौलो कुरो थप्ने प्रयास गरे त समस्त विद्हरूले उनीहरूलाई काफिर भने, र उनीहरूसित युद्ध गरी उनीहरूको देशलाई इस्लामी देश बनाए ।

र यो पनि सिकाउनुस् कि यदि यस उम्मतका पहिलाका मान्छेहरूले यस कारण उनीहरूलाई काफिर भनेका थिए कि उनीहरूले शिर्क गर्नुको साथ साथै रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई झुट्ठा ठानेका थिए, त यदि तपाई यसै दृष्टिकोणले सोच्नुहुन्छ भने तपाईलाई यो ज्ञात रहोस् कि यो कुरो यदि वास्तवमा सत्य थियो भने विद्हरूले हदीस एवं विधिशास्त्रका पुस्तकहरूमा मुर्तदहरूको हुकुम नामक अध्याय किन कायम गरे, अर्थात "इस्लाम कबूल गरे पश्चात त्यसबाट पन्छिनुको हुकुमको अध्याय", र यस अध्यायमा मुर्तदका अनेकौं

थरीहरू वर्णन गरे, र भने कि मुर्तदको इज्जत माल सम्पत्ति सबै हलाल छ, जस्तोकि इस्लामीय निर्देशनहरूको उपहास गर्ने मान्छेको माल सम्पत्ति पनि हलाल छ किनकि त्यो पनि मुर्तदको एक थरी हो ।

र उनीसित यो पनि भन्नुस् कि ती मान्छेहरू जिनको बारेमा अल्लाहको फर्मान छ :

﴿ يَحۡلِفُونَ بِٱللَّهِ مَا قَالُواْ وَلَقَدۡ قَالُواْ كَلِمَةَ ٱلۡكُفۡرِ وَكَفَرُواْ بَعۡدَ إِسۡلَٰمِهِمۡ ﴾ التوبة: ٧٤

अर्थ : उनीहरू अल्लाहको शपथ खाएर भन्दछन् कि उनीहरूले भनेनन्, जबकि उनीहरूले अवश्य नै कुफ्रको कुरा गरेका हुन् । र आफूले इस्लाम स्वीकार गरेपश्चात इन्कार गरे । (सूरतुत्तौबा ७४)

त के तिमीले हेरनौं कि अल्लाहले उनीहरूलाई पनि काफिर भन्यो जिनले मात्र एउटा सानोतिनो शब्द भनेका थिए, जबकि उनीहरू नबी सल्लल्लाहो अलैहे वसल्लमको युगमा थिए, र नबी सल्लल्लाहो अलैहे वसल्लमको साथमा युद्ध गर्थे, र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको साथमा नमाज पढथे र हज्ज गर्थे ... । र यस्तै जुन मान्छेहरूको बारेमा अल्लाहको भनाई छ :

﴿ قُلۡ أَبِٱللَّهِ وَءَايَٰتِهِۦ وَرَسُولِهِۦ كُنتُمۡ تَسۡتَهۡزِءُونَ ۝٦٥ لَا تَعۡتَذِرُواْ قَدۡ كَفَرۡتُم بَعۡدَ إِيمَٰنِكُمۡ ﴾ التوبة: ٦٥ - ٦٦

अर्थ : भन्नुस्: "के अल्लाह, उसका आयतहरू र उसका रसूल नै तिम्रो लागि हाँसीखेलका पात्र हुन् ? तिमी बहाना नबनाऊ, निश्चय नै तिमीले ईमान ल्याएपछि काफ़िर भएका हौ । (सूरतुत्तौबा ६५,६६)

त अल्लाहले उनीहरूलाई काफिर भन्यो जबकि उनीहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा तबूक नामक स्थानमा युद्ध गरिरहेका थिए र त्यो शब्द मात्र हाँसीमा भनेका थिए ।

त हे भाइ ! यी मुश्रिकहरूका यस्ताखालका टिप्पणीहरूमा ध्यान नदिनुस्, यिनीहरू भन्छन् कि तिमीहरू यस्ता मान्छेहरूलाई काफिर भन्छौ जुन मूलमन्त्रमा आस्था राख्दछन् र मुहम्मद सल्लल्लाहो अलैहे

वसल्लमलाई रसूल हुने गवाही दिन्छन्, र नमाज कायम गर्छन् र व्रत बस्छन् र दान गर्छन्... आदि । फेरि यस टिप्पणीको उत्तरमा विचार गर्नुस् जुन यस लेखमा वर्णन गरिएको छ । र यिनीहरूको लागि यो प्रमाण पनि प्रयाप्त हुन्छ यदि यिनीहरू चिन्तन मनन् गरुन्, अल्लाहको फर्मान छ:

﴿قَالُواْ يَٰمُوسَى ٱجْعَل لَّنَآ إِلَٰهًا كَمَا لَهُمْ ءَالِهَةٌ﴾ الأعراف: ١٣٨

अर्थ : उनीहरूले भने: "हे मूसा ! हाम्रा निम्ति पनि यस्तै एउटा पूज्य नियुक्त गरिदिनुस् जस्तो कि यिनीहरूका यी देवताहरू छन्" । ( सूरतुल् अअ्राफ १३८)

र रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरूले भने: हे अल्लाहका रसूल हामीहरूको लागि पनि जाते अनुवात जस्तै (पूज्य) निर्धारित गरि दिनुस्, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले अल्लाहको शपथ खाएर भनेका थिए कि तिमीहरूको यो कथन उस्तै छ जस्तोकि मूसा अलैहिस्सलामको समुदायले मूसासित भनेको थियो कि हामीहरूको लागि पनि यनीहरू भ्कैं पूज्य बनाइदिनुस् ।

तर मुश्रिकहरूको यस कथनमाथि एउटा आर्को टिप्पणी पनि छ र त्यो हो: उनीहरूको भनाई छ कि मूसाको कौम बनी इस्राईल र नबी सल्लल्लाहो अलैहे वसलमका साथीहरू यस कथनको कारण काफिर भएका थिएनन् ?

त यसको उत्तर तपाई यो दिनुस् कि बनी इस्राईलले त्यो भनेको कुरालाई गरेका थिएनन् नत रसूल सल्लल्लाहो अलैहे वसलमका साथीहरूले नै त्यसलाई कार्यन्वयन गरेका थिए । र यस कुरामा कुनै मतभेद छैन कि यदि बनी इस्राईलले त्यो कार्य गरेको भए उनीहरू काफिर घोषित हुने थिए । यस्तै यस कुरामा पनि कुनै मतभेद छैन कि यदि अल्लाहको रसूलले मनाही गरेको त्यस कार्यलाई उहाँ सल्लल्लाहो अलैहे वसलमका साथीहरूले गरेको भए तिनीहरू पनि काफिर भइहाल्ने थिए ।

त यस कथाबाट (बनी इस्राईल र सहाबाहरूको कथाबाट) हामीलाई यो पाठ मिल्छ कि साधारण मुस्लिम बरु विद् पनि अनभिज्ञताको कारण शिर्कमा पर्नसक्छ यसै कारण शिर्कको बारेमा ज्ञान प्राप्त गर्नु सबैमाथि

अनिवार्य छ। र यदि कुनै मान्छे अनभिज्ञताको कारण शिर्कमा परेको छ भने त्यसलाई काफिर भन्नु मिल्दैन, बरु त्यसमाथि अनिवार्य हुन्छ कि अल्लाहसित क्षमायाचना गरोस्, जस्तोकि बनी इस्राईल र सहाबाहरूको कथा यसमाथि साक्षी र प्रमाण छ। तर यस्तो मान्छेलाई यस कुकर्मको परिणामबाट सावधान गर्नु अति जरुरी छ, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसलमले सहाबामाथि क्रोधित भई यसको दुष्परिणामबाट खबरदार गर्नु भएको थियो।

र मुश्रिकहरूको एउटा आर्को सन्देहजनक कुरा र टिप्पणी पनि छ, उनीहरू भन्छन् कि : रसूल सल्लल्लाहो अलैहे वसलम उसामामाथि क्रोधित भए जब उनले यस्तो मान्छेको बध गरे जसले मूलमन्त्र ( लाइलाहा इल्लल्लाह) पढिसकेको थियो। र यस्तै रसूल सल्लल्लाहो अलैहे वसलमको फर्मान छ : “मलाई आदेश गरिएको छ कि म मान्छेहरूसित तबसम्म युद्धरत रहूँ जबसम्म उनीहरू मूलमन्त्रमा ( लाइलाहा इल्लल्लाहमा) आस्था नराखुन् ”। र यसै जस्ता अरु हदीसहरू छन् जुन यस कुरालाई प्रमाणीकरण गर्छन् कि जसले लाइलाहा इल्लल्लाह भन्यो त्यसको बध नगरौं।

त यस्ताखालका टिप्पणी गर्ने अनभिज्ञहरूको मनसाय यो हुन्छ कि जसले मूलमन्त्रको जाप गऱ्यो त्यसलाई माफिर नभनियोस् र त्यसलाई नमारियोस् चाहे त्यो जे मनपरे गरोस्।

त यस्ताखालका अनभिज्ञ मुश्रिकहरूसित भन्नुस् कि: यो कुरोमा कुनै सन्देह छैन कि रसूल सल्लल्लाहो अलैहे वसलमले यहूदीहरूसित युद्ध गरे, र उनीहरूलाई दास पनि बनाए जबकि उनीहरू लाइलाहा इल्लल्लाहको जाप गर्थे। र सहाबाहरूले बनी हनीफाँ गोत्रसित युद्ध गरे जबकि उनीहरू पनि मूलमन्त्रमा विश्वास राख्थे र नमाज कायम गर्थे र व्रत बस्थे। र यस्तै हजरत अली रजिअल्लाहो अन्होले जुन मान्छेहरूलाई आगोमा पोली मार्ने आदेश गरेका थिए तिनीहरू पनि ती सबै कार्यहरूलाई गर्थे जुन सहाबाहरू गर्थे, तर इस्लामको मात्र एक निर्देशनको विरोद्ध गरेमा यस दण्डको पात्र भए। त हे मुश्रिकहरू यदि कुनै मान्छे इस्लामको मात्र एक स्तम्भ र आधारको विरोध गरोस् भने त्यो काफिर भइहाल्छ, र त्यसको धन सम्पत्ति र ज्यान सम्मान सबै

हलाल भइहाल्छ। त हे शिर्कबाट अनभिज्ञहरू यदि तिमीले मूलमन्त्रको विरोध गर्छौ जुन इस्लामको मूल आधार र जग हो भने तिमी काफिर किन हुँदैनौ, यो कस्तो निसाफ हो ?

सत्य कुरो यो हो कि तिमीहरूले हदीसको अर्थ नै बुझेनौं, हेर ! हजरत उसामा रजिअल्लाहो अन्होले त्यस मान्छेको यस कारण बध गरेका थिए किनकि उनी युद्धमा थिए, त जब त्यस मान्छेले मूलमन्त्रको उच्चारण गऱ्यो त उहाँले यो सन्देह गरे कि कदाचित यो मान्छे मृत्युबाट डरको कारण मूलमन्त्रको उच्चारण गरिरहेको छ। र रसूल सल्लल्लाहो अलैहे वसलम उहाँमाथि यस कारण क्रोधित भए कि जुनसुकैले मूलमन्त्रको उच्चारण गर्छ भने त्यसमाथि सन्देह गर्नुहुन्न, बरु त्यसलाई त्यस समयसम्म मार्नु असम्भव छ जबसम्म त्यो यस्तो कार्य नगरोस् जुन इस्लाम विरोधी कार्य प्रमाणित नभइहालोस्। त यसै कारण रसूल सल्लल्लाहो अलैहे वसलमले उसामा सहाबीलाई ढाँटेका थिए। जस्तोकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا ضَرَبۡتُمۡ فِي سَبِيلِ ٱللَّهِ فَتَبَيَّنُواْ ﴾ النساء: ٩٤

अर्थ : हे मोमिनहरू ! जब तिमी अल्लाहको मार्गमा (जिहादको लागि) जान्छौ त बडो छानविनले बध गर्ने गर। ( सूरतुन्निसा ९४ )

त जब कुनै मान्छेले पनि मूलमन्त्रको उच्चारण गर्छ भने त्यसको बध गर्नु ठूलो पाप हो, तर यदि मूलमन्त्र पढे पश्चात पनि त्यो इस्लाम विरोधी क्रियाकलाप गर्छ भने अब त्यसलाई मार्नु वैध छ र त्यसको मूलमन्त्रको उच्चारण त्यसलाई कुनै लाभ पुऱ्याउनसक्दैन। र यसको प्रमाण हो यो हदीस जसमा रसूल सल्लल्लाहो अलैहे वसलमले खवारिजहरूको बारेमा वर्णन गर्दै भन्नुहन्छ: " तिमीहरू उनीहरूलाई जता पनि पाउनु उनीहरूको बध गरिहाल्नु, र यदि मैले उनीहरूलाई भेटें त आद समूह झैं तिनीहरूको बध गर्नेछु " । जबकि ती खवारिजहरू सबैभन्दा अधिक पूजा गर्नेवाला र भक्ति गर्नेवाला थिए, र यति स्तुति र गुणगान गर्थे कि सहाबाहरू पनि आफूलाई उनीहरूको तुलनामा तुच्छ ठान्दथे, र उनीहरूले सहाबाहरूबाट नै विद्या ज्ञापन गरेका थिए, तर उनीहरूको स्तुति र भक्ति र मूलमन्त्रमाथि आस्थाले

उनीहरूलाई कुनै लाभ पुऱ्याएन, त जब उनीहरूले इस्लामीय विधान विरुद्ध कार्य गरे, त उनीहरूको ज्यान माल र इज्जत आबरु सबै मुस्लिमहरूको लागि हलाल भयो । र यस्तै जुन बनू हनिफाँ र यहूदीहरूको बारेमा वर्णन गरेका छौं त्यो पनि यसमाथि प्रमाण हो ।

र यस्तै रसूल सल्लल्लाहो अलैहे वसलमले यो इच्छा जाहेर गरे कि बनू मुस्तलिकमाथि आक्रमण गरुन् जब एउटा मान्छेले यो समाचार सुनायो कि बनू मुस्तलिक गोत्रले जकात (धर्मदाय) दिनुबाट पन्छिहालेको छ, तर अल्लाहले यो आयत (श्लोक) अवतरित गऱ्यो कि :

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓا۟ إِن جَآءَكُمْ فَاسِقٌۢ بِنَبَإٍ فَتَبَيَّنُوٓا۟ ﴾ الحجرات: ٦

अर्थ : हे मोमिनहरू यदि कुनै अवज्ञाकारीले तिमीलाई कुनै खबर लिएर आउँछ भने उसको राम्रोसँग छानबिन गर्ने गर । ( सूरतुल् हुजुरात ६ )

त रसूल सल्लल्लाहो अलैहे वसलमले यस समाचारलाई पत्तयाउनु भयो, अनि खबर असत्य भएको कारण आक्रमण गर्नु भएन । तात्पर्य योकि मात्र जकात नदिएमा मान्छेको धन सम्पत्ति ज्यान सबै हलाल भइहाल्छ, त जसले एकेश्वरवादलाई छाड्छ त्यसको माल र ज्यान हलाल किन हुन्न ?

र उनीहरूसित एउटा यो सन्देहजनक भ्रम पनि छ कि रसूल सल्लल्लाहो अलैहे वसलमले यो शुभ समाचार सुनाउनु भएको छ कि प्रलयको दिन सबै भान्छेहरू सिफारिशको लागि आदम अलैहिस्सलाम कहाँ जान्छन्, र हजरत नूह एवं इब्राहीम समक्ष जान्छन्, फेरि मूसा र ईसा अलैहिस्सलामकहाँ जान्छन्, र जब सबै सिफरिश गर्नुबाट इन्कारी भइहाल्छन् त अन्तमा मुहम्मद सल्लल्लाहो अलैहे वसलम समक्ष आफ्नो अभिप्राय प्रकट गर्छन् । त यसको अर्थ यो भयो कि अल्लाह बाहेक कसैसित सहायता माँग्नु र सिफारिश गराउनु शिर्क होइन ।

उत्तर : पूर्ण सृष्टिहरूसित त्यस कुरामा सहायता माँग्नु जसमा त्यो सामर्थ्यवान र सूक्ष्म छ जायज छ, यसको हामी इन्कार गर्दैनौं, जस्तोकि अल्लाहको फर्मान छ :

﴿ فَٱسْتَغَـٰثَهُ ٱلَّذِى مِن شِيعَتِهِۦ عَلَى ٱلَّذِى مِنْ عَدُوِّهِۦ ﴾ القصص: ١٥

अर्थ : जुन व्यक्ति उनको जातिको थियो, त्यसले अर्को व्यक्तिको मुक़ाबिलामा, जो मूसाको शत्रुमध्ये थियो, सहायता माँग्यो । ( सूरतुल् कसस १५ )

र यस्तै मान्छे आफनो साथीको सहायता युद्धमा वा अरु कुनै आवश्यकतामा चाहोस् जसलाई त्यो साथी गर्नुमा सूक्ष्म छ भने यो जायज छ। तर हामी इन्कारी छौं ती क्रियाकलापहरूको जुन मान्छेहरू चिहानमा पूरिएका मान्छेहरूसित चाहन्छन् जसमाथि उनीहरू सूक्ष्म छैनन्, अथवा कुनै जीवितलाई परोक्ष र अदृश्यको ज्ञाता मान्नु जुन मात्र अल्लाहको लागि विशेष छ । त जब यो प्रष्ट भयो, त रसूल सल्लल्लाहो अलैहे वसलमको त्यो हदीसमा प्रष्ट उल्लेख छ कि उनीहरू प्रलयको दिन समस्त नबीहरूसित यो आग्रह गर्नेछन् कि अल्लाहसित याचना गरेर सबैको हिसाब किताब आरम्भ गराउनुस् ताकि सबैलाई यस कष्टबाट मुक्ति प्राप्त होस् । त यो लोक परलोक दुवैमा जायज छ, र यसको उदाहरण उस्तै छ कि तिमी कुनै सदाचारी मान्छे समक्ष जुन तपाईसित बस्छ र तपाईको कुरा सुन्दछ आएर भन्नुस् कि हाम्रो लागि अल्लाहसित दुआ गरिदिनुस्, जस्तोकि रसूल सल्लल्लाहो अलैहे वसल्लमका साथीहरू उहाँसित उहाँको जीवनकालमा दुआको आग्रह गर्थे । तर उहाँको मृत्यु पश्चात उहाँको चिहान नजिक कहिले पनि यस्तो गरेनन् जस्तोकि तिमीहरू चिहान निकट गरिरहेका छौ, बरु उहाँ सल्लल्लाहो अलैहे वसल्लमको चिहान निकट गएर अल्लाहसित दुआ गर्नुबाट समस्त सदाचारी र विद्हरूले रोकेका छन् त उहाँसित माँगनुको हुकुम के हुन्छ आफै नै विचार गर्नुस् ।

र उनीहरूको एउटा सन्देहजनक कुरा यो पनि छ, उनीहरूको भनाई छ कि: जब हजरत इब्राहीम अलैहिस्सलामलाई आगोमा हालियो त जब उनी वायुमा थिए त्यसै समय हजरत जिब्रील प्रकट ( अवकाशित) भएर भने: के तिमीलाई कुनै सहायता चाहिन्छ ? त हजरत इब्राहीमले भने: तिमी आफ्नो सहायताको लाल्सा दिइरहेका छौ तै पनि मलाई तिम्रो सहायताको जरुरत छैन । त यी मुश्रिकहरू यस कुराबाट यो निष्कर्ष निकाल्छन् कि यदि मान्छेबाट सहायता माँग्नु शिर्क

हुन्थ्यो भने यस्तो प्रस्ताव हजरत जिब्रील हजरत इब्राहीम समक्ष किन गर्थे ?

**उत्तर** : यो पनि पहिलाका सन्देहहरू झैं निराधार छ किनकि हजरत जिब्रीलले यस्तो कुराको प्रस्ताव गरेका थिए जसमाथि उनी सूक्ष्म थिए, जस्तोकि हजरत जिब्रीलको विशेषताको बारेमा अल्लाहको भनाई छ कि उनी परम् शक्तिमान छन् पवित्र कुरआनमा छ :

﴿ شَدِيدُ ٱلْقُوَىٰ ۝٥ ﴾ النجم: ٥

अर्थ : ठूलो शक्तिवाला अल्लाहको दूत (जिब्रील) ।(सूरतुन्नजम ५)

र यदि अल्लाहले आदेश गरुन् कि त्यस आगोलाई र त्यसका वरिपरि भएका समस्त वस्तु धरती होस् वा पर्वत ती सबैलाई पूर्व वा पश्चिममा पुऱ्याइ दिउन् त हजरत जिब्रील यस्तो अवश्य गरिहनल्ने थिए, किनकि उनीलाई अल्लाहले अति शक्तिशाली बनाएका छन् । र यस्तै यदि अल्लाहले यो हुकुम गर्थे कि हजरत इब्राहीमलाई ती काफिरहरूबाट अति टाढा गरिहालुन् त उनी यस्तो गरिहाल्थे । र यस्तै यदि अल्लाह हुकुम गर्थे कि उनीलाई आकाशमाथि उठाइ ल्याउन् त उनी यो पनि गर्नुमा सूक्ष्म थिए । त यस कथाको उदाहरण यस्तो छ कि एउटा धेरै समृद्ध मान्छे होस् जससित धेरै सम्पत्ति होस् र त्यो कुनै निमुखालाई हेरोस्, त त्यससित अनुरोध गरोस् कि तिमी मसित केही ऋण लिइहाल वा म तिमीलाई निःशुल्क केही दिन्छु, अनि त्यो निमुखा त्यसबाट केही लीनुबाट पन्छि हालोस् र मात्र अल्लाहमाथि भरोसा राखोस्, र संयमको साथ यो आशा राखोस् कि यदि अल्लाहले मेरो भाग्यमा प्रशस्त जीविका लेखेको छ त त्यो मलाई अवश्य नै प्राप्त हुनेछ, अनि त्यो कसैको उपकार कबूल नगरोस् । त यसमा र जुन यिनीहरू अरुबाट सहायताको हाँक लगाउँछन् त्यसमा कताबाट समानता दर्शित हुन्छ यदि यिनीहरू विवेकी छन् भने विचार गरुन् ।

र हामी आफ्नो कुरालाई विराम दिन्छौं यस समस्यालाई वर्णन गरे पश्चात जसलाई बुझ्नु अति आवश्यक छ, किनकि यो अति महत्वपूर्ण समस्या हो जसलाई धेरै मानिसहरू पूर्णतः बुझ्दैनन् ।

यस कुरामा कुनै मतभेद छैन कि तौहीद (एकेश्वरवाद) जिब्रो, हृदय र कर्मद्वारा प्रदर्शित हुनु अनिवार्य छ, यदि यसमध्ये कुनै एउटामा पनि

कमी भयो वा प्रदर्शित भएन भने मान्छे मुसलमान हुनसक्दैन । र यदि कुनै मान्छे एकेश्वरवादको ज्ञानी छ तर त्यस बमोजिम कर्म गर्दैन भने त्यो काफिर नै रहन्छ, जस्तोकि फिरऔन इब्लीस ... आदि थिए, र यस कुरामा धेरै मानिसहरू भ्रमित हुन्छन्, यसर्थ उनी भन्छन् कि हामीलाई थाहा छ कि यो सत्य हो तर हामी यसलाई गर्नसक्दैनौं, र भन्छन् कि हामीलाई यस्तो गर्नुबाट फलानो मान्छे वा वस्तु वा हाम्रो देशले बाध्य गरेको छ... आदि । त यो त्यही बहाना हो जुन काफिरहरूले र उनका नायकेहरूले गरेका थिए र कसैले पनि बिना कुनै कारण यसलाई छाडेका थिएनन् जस्तोकि अल्लाहको फर्मान छ :

﴿ ٱشۡتَرَوۡاْ بِـَٔايَٰتِ ٱللَّهِ ثَمَنٗا قَلِيلٗا ﴾ التوبة: ٩

अर्थ : उनीहरूले अल्लाहका आयतहरूलाई थोरै मूल्यमा बेचिदिएका छन् । ( सूरतुत्तौबा ९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ يَعۡرِفُونَهُۥ كَمَا يَعۡرِفُونَ أَبۡنَآءَهُمۡ ﴾ البقرة: ١٤٦

अर्थ : उनीहरू उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई यसरी जान्दछन् जसरी आफ्नो छोराहरूलाई जान्दछन् । ( सूरतुल् बकर: १४६ )

र यस्तै एकेश्वरवाद बमोजिम कर्म गर्नु त्यसको अर्थ नबुझिकन् वा त्यसमाथि आस्था नराखिकन्, त यस्तो मान्छे मुनाफिक हो, र यस्तो मान्छे काफिरभन्दा अधिक घृणित र पापी हुन्छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ إِنَّ ٱلۡمُنَٰفِقِينَ فِي ٱلدَّرۡكِ ٱلۡأَسۡفَلِ مِنَ ٱلنَّارِ ﴾ النساء: ١٤٥

अर्थ : यसमा कुनै सन्देह छैन कि मुनाफिकहरू दोजखको (नर्कको) सबैभन्दा तल्लो भागमा ठाउँ पाउनेछन् । (सूरतुन्निसा १४५)

र यो समस्या अति जटिल र भब्य छ र यो तपाईको लागि तब स्पष्ट हुन्छ जब तपाई मान्छेहरूका अवस्था र कुराहरूमा ध्यान दिनुहुन्छ र राम्ररी विचार गर्नुहुन्छ, कतिपय यस्ता मान्छेहरू तपाईलाई मिल्नेछन् जुन आफ्नो सम्मान पदमा कमी हुने डरले हक र सत्यलाई

जानेपश्चात पनि त्यसलाई अंगीकार गर्दैनन्, र त्यस बमोजिम कर्म गर्दैनन् । र कतिपय यस्ता पनि भेट्ने छन् जुन सत्य बमोजिम कर्म त गर्छन् तर तिनीसित सोधे पश्चात तपाईलाई ज्ञात हुन्छ कि उनी त्यसको अर्थबाट अनभिज्ञ छन । त तपाई निम्नका दुई श्लोकहरूलाई राम्ररी बुझ्नुस्:

१- अल्लाहको फर्मान छ :

﴿ لَا تَعۡتَذِرُواْ قَدۡ كَفَرۡتُم بَعۡدَ إِيمَٰنِكُمۡۚ ﴾ التوبة: ٦٦

अर्थ : तिमी बहाना नबनाऊ, निश्चय नै तिमीले ईमान ल्याएपछि काफ़िर भएका हौ ।( सूरतुत्तौबा ६६ )

त जब यो सिद्ध भयो कि केही सहाबीहरू जिनले रसूल सल्लल्लाहो अलैहे वसल्लमको साथमा रोमीहरूसित युद्ध गरे मात्र एउटा शब्द भनेको कारण जसलाई हाँसीमा भनेका थिए काफिर घोषित भए, त यो यस कुरालाई स्पष्ट पार्छ कि यदि कुनै मान्छे धन सम्पत्ति इज्जत सम्मान अथवा पदको लागि यस्तो कुरा गर्छ भने त्यो त्यस व्यक्ति भन्दा झन् अपराधी हुनेछ जुन त्यो कुरो मात्र हाँसीमा भनेको होस् ।

२- अल्लाहको फर्मान छ :

﴿ مَن كَفَرَ بِٱللَّهِ مِنۢ بَعۡدِ إِيمَٰنِهِۦٓ إِلَّا مَنۡ أُكۡرِهَ وَقَلۡبُهُۥ مُطۡمَئِنُّۢ بِٱلۡإِيمَٰنِ وَلَٰكِن مَّن شَرَحَ بِٱلۡكُفۡرِ صَدۡرٗا فَعَلَيۡهِمۡ غَضَبٞ مِّنَ ٱللَّهِ وَلَهُمۡ عَذَابٌ عَظِيمٞ ١٠٦ ذَٰلِكَ بِأَنَّهُمُ ٱسۡتَحَبُّواْ ٱلۡحَيَوٰةَ ٱلدُّنۡيَا عَلَى ٱلۡأٓخِرَةِ ﴾ النحل: ١٠٦ - ١٠٧

अर्थ : जुन मानिसले ईमान ल्याएपछि अल्लाहसँग कुफ्र गर्दछ, मात्र त्यो बाहेक जसलाई बाध्य गरिन्छ, र उसको हृदय ईमानकासाथ दृढ हुन्छ, परन्तु त्यो जसले हृदय खोलेर कुफ्र गर्दछ, त यस्तामाथि अल्लाहको क्रोध छ, र तिनीहरूलाई अत्यन्त कडा सजाय हुनेछ । यो यस कारणले कि उनीहरूले सांसारिक जीवनलाई आखिरतको दाँजोमा प्रिय ठाने । ( सूरतुन्नहल १०६,१०७ )

त अल्लाहले यस्तो नास्तिकताको कुरो सहाबाहरूबाट र उनी बाहेक कसैबाट स्वीकारेन मात्र त्यो व्यक्ति बाहेक जसलाई यस्तो भन्नुमा बाध्य गरिएको होस् तर त्यसको हृदय त्यसमाथि दृढ होस् । अब यस्तो भन्नेवाला चाहे संसारिक लाभको प्राप्तिको कारण यस्तो भनेको होस् वा धन र पदको लाल्सामा यस्तो भनेको होस्, अल्लाह त्यसको कुनै बहानालाई स्वीकार्ने छैनन् ।

त यस श्लोकबाट दुई कुरा स्पष्ट हुन्छ :

१- मान्छेलाई दुई प्रकारले बाध्य गर्न सकिन्छ : एउटा कुरा गर्नुमाथि , र आर्को कार्य गर्नुमाथि । तर हृदयमाथि कसैको वश र जोर चल्दैन, किनकि त्यसभित्र के राख्नुछ त्यसद्वारा के सोच्नु र के स्वीकार्नु छ यसमा कुनै मान्छे कुनै मान्छेलाई बाध्य गर्न सक्दैन । यसैकारण जसलाई पनि कुफ्र अर्थात नास्तिकताको कुरो गर्नुमाथि बाध्य गरियोस् तर त्यसको हृदय अल्लाहमाथि विशवासमा दृढ छ भने त्यो काफिर हुँदैन ।

२- दोस्रो कुरो के छ भने अल्लाहको यस कथनको अर्थ यो हो कि नास्तिकताको कुरा गरेमा त्यसलाई यसकारण काफिर भनिन्न कि त्यो त्यसमा आस्था राख्दछ, वा त्यसको अर्थबाट अनभिज्ञ छ, वा असत्यलाई मनपराउँछ, वा इस्लामबाट ईर्ष्या राख्दछ बरु त्यसलाई काफिर यस कारण भनिन्छ किनकि त्यसले इस्लाममाथि संसारिक लाभलाई प्राथमिकता दियो, र अल्लाहको धर्मको अवहेलना गरी केही संसारिक लाभको प्राप्तिको इच्छुक भयो ।

र अल्लाह नै सर्वज्ञाता र सर्वगुण सम्पन्न छ । र अल्लाहको दया शान्ति र कृपा अवतरित होस् अल्लाहका अन्तिम दूत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त अनुयायीहरूमाथि ।

# समाप्ति

प्रिय भाइहरू ! यस लेखमा जुन एकेश्वरवाद लाई प्रष्ट पार्ने र त्यससित संलग्न सन्देहजनक कुराहरूको निवारण गर्ने प्रयास गरिएको छ, त्यो एकेश्वरवाद नै समस्त सन्देष्टाहरूको मूल सन्देश थियो, र इस्लामको प्रथम आधार र मूल द्वार र मूलमन्त्र हो। यसर्थ यसलाई उच्चारण नगरिकन् कुनै व्यक्ति इस्लाममा प्रवेश गर्न सक्दैन। र जुनसुकैले पनि इस्लाम कबूल गरे पश्चात यस मूलमन्त्रको विरोधी कुरा गर्छ त्यो काफिर भइहाल्छ जस्तोकि यस लेखमा हामीले सिद्ध गरें। त हे भाइहरू ! पीर फकीर नबी वली र मिजार एवं चिहान सबैलाई त्यागी एक अल्लाहसित सहायताको याचना गर, त्यस बाहेक कोही पनि तिम्रो सहायता गर्न सक्दैन। हे भाइ ! अल्लाहतर्फ प्रवृत्त होऊ, त्यो तिम्रा सबै समस्याको समाधान गर्नेछ साथै इज्जत सम्मान पनि प्रदान गर्नेछ, र तिम्रो जीविका फराकिलो गरिदिनेछ, तर त्यससित पहिला याचना त गर आफ्नो कष्टलाई त्यसको दरबारमा त राख।

हे भाइ ! त्यसको दरबार बाहेक कुनै दरबार यस्तो छैन जुन तिम्रो समस्त मनोकामना पूर्ण गर्न सकोस्, यस्तो दरबार मात्र अल्लाहको दरबार नै छ जुन तिम्रो समस्त जिज्ञासालाई पूर्ण गर्नुमा सूक्ष्म छ, तिमीलाई के चाहिन्छ छोरा, छोरी, धन, सम्पत्ति, सुख शान्ति, अधिपत्य, राज्य, जे चाहिन्छ त्यससित माँग त्यसलाई पुकार त्यो तिम्रो पुकारको उत्तर अवश्य दिनेछ, तिम्रो सबै मनोकामना पूर्ण गर्नेछ, तर त्यसलाई पुकारेर त हेर। यी चिहानमा गाडिएका मान्छेहरू स्वयम् तिम्रो सहायताको अभिलाषी छन् यिनी तिम्रो सहायता कसरी गर्छन्, र यी मूर्तिहरू आफूमाथि बसेका झिँगा र किराहरूलाई पनि भगाउन सक्दैनन् त तिम्रो सहायता कसरी गर्छन् ?

यसर्थ हे भाइ ! सत्यपथलाई पहिचान र त्यसैमाथि हिँड्ने प्रयत्न गर। अल्लाह हामी सबैलाई सत्मार्गमा हिंड्ने शक्ति एवं भक्ति प्रदान गरुन्, र शिर्कबाट बचाई स्वर्गमा जाने कर्म गर्ने सुअवसर प्रदान गरुन्।

( आमीन )

# समाप्त

## अनुवादक

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा
तौलिहवा कपिलवस्तु (नेपाल)
email- atiqkhannp1982@yahoo.com

सम्पर्क नं. ००९७७९८१४४९९१४०
सउदी मो. न. ००९६६५०१३७२२५४

# विषय सूची


| क.सं. | शीर्षकहरू | पृष्ठ |
|---|---|---|
| 1 | प्रस्तावना | **3** |
| 2 | मूल किताब | **5** |
| 3 | समाप्ति | **44** |

IslamHouse.com